
जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २४ • अंक १५१ • २०७८ साल कार्तिक ६ गते शनिवार (23 October, Saturday, 2021) • पृष्ठ ८ • मूल्य रु. ५।-

# प्रतिशोधका कारण राउतबाट कुशवाहामाथि आक्रमण

## बुझाइएको ज्ञापनमा राउतको नामनै छैन्

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरधामका निमित्त प्रमुख राजेश कुशवाहामाथि सुनियोजित ढंगले आक्रमण गरिएको तथ्य खुलेको छ। चन्द्रकान्त राउत (सीके)ले जनकपुरधाम उपमहानगरपालिका-८ स्थित आफ्नै निवास अगाडिको सडकको पानी निकास व्यवस्थापनमा ढिलाई भएको प्रतिशोधका कारण आक्रमण गराएको आयोजनाका कर्मचारीहरुले सो तथ्य बाहिर ल्याएको हो ।

जउनपा-७/८ का स्थानीयबासीको नाउँमा ६२ जनाको हस्ताक्षर सहितको ज्ञापन पत्रमा बलबाटोल स्थित मिडिया काउन्सिलदेखि वडा कार्यालयको बाटो सम्म आवत जावत गर्न अति नै कठिनाई भईरहेको भन्दै बाटोको ढलान कार्य गराई दिन अनुरोध सहितको पत्राचार गरेको थियो। तर, सो पत्रमा सिके राउतको हस्ताक्षर कतै देखिएको छैन् ।

असोज २२ गते राउतका कार्यकर्ताहरुले निर्माणाधीन रहेको ढल तथा सडक तत्काल जउनपाले त्यसको भोलीपल्टै समस्याको समाधान गर्न आग्रह सहित आयोजनालाई पत्राचार गरेको थियो ।

पत्राचार पछि आयोजनाका निमित्त प्रमुख कुशवाहा लगायतको टोलीले असोज २६ गते मेयर लाल किशोर साहसंग छलफल गरेका थिए । मंगलवार प्राविधिक सहितको टोलीले सो क्षेत्रको अनुगमन अवलोकन गरी समस्याको समाधानको लागि कदम चालिने निर्णय गरिएको प्रमुख कुशवाहालाई उधृत गर्दै आयोजनाका कर्मचारीले जानकारी दिए ।

निर्धारित कार्यक्रम अविरल वर्षाका कारण स्थगित भएको थियो । सीके राउतको घर नजिकको सडक यस योजनामा नरहेपनि आयोजनाले सहमतिमा ५० देखि ६० मिटरको अतिरिक्त सडकमा ठेकेदार कम्पनीले पाँच टिपर ग्राभेल राखिदिएको ईन्जिनियर पुष्पराज सिंहले जानकारी दिए ।

त्यस पछि दशैंको सार्वजनिक विदा भएको कारण दुई चार दिन अझै लम्बिएको निहुँमा सरुवा समेत भईसकेका प्रमुख कुशवाहामाथि आक्रमण गर्नु निन्दनीय मात्र होइन राउतले गुण्डागर्दी शैली अपनाएर कर्मचारीहरुलाई त्रसित गर्ने काम गरेको नेपाल ईन्जिनियर्स एशोसिएन प्रदेश २ का सह-सचिव भवेश मिश्राको कथन छ ।

यसै साता विदाई भई जान लागेका प्रमुख कुशवाहामाथि दुर्व्यवहार गर्नुले कानुनी राज्यको उपहास भएको सिडेनका प्रदेश सभापतिका प्रत्याशी ईन्जिनियर श्याम किशोर यादवको भनाई छ । निमित्त प्रमुख कुशवाहाको अर्घाखाँची सरुवा भईसकेको जानकारी हुँदा हुँदै पनि यस प्रकारको अमानवीय घटना गराउनुले राउतको नियत छताछुल्ल भएको आन्दोलित कर्मचारीहरु बताउँछन् ।

२२ करोडको लागतमा आयोजनाले जउनपा-७/८ सहित ठाउँको २० किलोमिटर सडकमा ढल निर्माणको काम गरी रहेको छ। दुई वर्षमा निर्माण सम्पन्न हुनु पर्ने यो योजना गत आर्थिक वर्ष २०७७ माघ महिनादेखि सुरु भई एक वर्ष नबित्दै १७ किलोमिटरमा काम सम्पन्न भईसकेको आयोजनाका ईन्जिनियर गंगाप्रसाद महतोले बताए ।

NOVEL CORONA VIRUS (COVID-19)
सर्वसाधारणको लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरु
ज्वरो (१००.४ °F भन्दा माथि)
स्वास प्रस्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने ?
नियमित रुपमा साबुन-पानिले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लु जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने ।

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु
१. सिनेमाहल २. अस्पताल
३. विद्यालय, कलेज ४. सपिङ मल
५. सार्वजनिक यातायात ६. वृद्धाश्रम
७. व्यवस्त गल्ली ८. सभा, जुलुस भएको स्थान
९. होटेल रेष्टुराँ १०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी ।

काम नपरे सम्म यस्ता स्थानहरुमाा नजाऔं, जान परेमा माक्स हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछि घर बाहिर वा अलग कोठामाा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा, बैठक कोठामा जाने गरौं ।

कसरी सर्छ कोरोना भाइरस
१. खोक्दा, हाछ्यु गर्दा निस्कने र्‍याल, थुक तथा सिंगानबाट ।
२. फोहोर हातको सम्पर्कबाट ।
३. राम्रोसंग नपाकेको माछा तथा पशुपंक्षीहरुको मासुबाट ।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट ।

नोबेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ । नेपाल यो रोग संक्रमणको उच्च जोखिममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अवलम्बन गर्न आम जनसमुदायहरुमा हार्दिक अनुरोध गर्दछौं ।

बटेश्वर गाउँपालिका
बटेश्वर, धनुषा, प्रदेश नं. २

कोरोना भाइरस (COVID-19) का लक्षणहरू

निम्न समावेश हुन सक्ने COVID-19 का लक्षणहरू बारे जान्नुहोस्:




लक्षणहरू मध्यमदेखि गम्भीर बिमारीसम्म दायर हुन सक्छन् र तपाईं COVID-19 निम्त्याउन सक्ने भाइरसको सम्पर्कमा आएपछि 2-14 दिनमा देखा पर्न सक्छन्।


*कसैलाईCOVID-19 का आपतकालीन चेतावनी संकेतहरू भएको छ भने तुरुन्तै चिकित्सा स्याहार खोज्नुहोस्।

- श्वास-प्रश्वासमा कठिनाई हुने
- छातीमा निरन्तर दुखाइ वा चाप हुने
- नयाँ दुविधा हुने
- उठ्न वा जागा रहन नसक्ने
- छालाको रङको आधारमा फुस्रो, पहेंलो वा नीलो रङको छाला, ओठ वा नङ

यो सूची सबै सम्भावित लक्षणहरूको सूची होइन। कृपया अन्य कुनै पनि लक्षणहरू गम्भीर भएमा वा तपाईंसँग सम्बन्धित भएमा आफ्नो चिकित्सकीय प्रदायकलाई कल गर्नुहोस्।

लक्ष्मीनियाँ गाउँपालिका
लक्ष्मीनियाँ बजार, धनुषा, प्रदेश नं. २

क्वारेन्टाइन वा आइसोलेसनमा बसेका व्यक्तिहरूले अपनाउनु पर्ने स्वच्छताका व्यवहारहरू




तोडौं जालो, कोरोना भाइरस संक्रमणको

कौडेना गाउँपालिका, कौडेना, सर्लाही, प्रदेश नं. २

# चरेससहित महिला पक्राउ

**टुडे समाचारदाता**

कलैया । प्रतिबन्धित लागूऔषध चरेस नेपालबाट भारततर्फ लग्दै गरेकी एक महिलालाई बारा प्रहरीले पक्राउ गरेको छ।

मटियर्वास्थित नेपाल-भारतको सीमानामा पर्ने दशगजा क्षेत्रबाट लागूऔषध चरेससहित महिला पक्राउ परेको हो । पक्राउ पर्नेमा पर्सा जिल्लाको पोखरिया नगरपालिका वडा न. ४ सतवरिया बस्ने रामबिनय रौनियारकी ४१ वर्षीया श्रीमती ललसा देवी रौनियार रहेको प्रहरी निरीक्षक सुरेन्द्र यादवले जानकारी दिए।

बिहान ती महिला शंकास्पद रुपमा हिडी रहेको अवस्थामा मटियर्वा प्रहरी चौकीबाट खटिगएको गस्ती टोलीले चेकजाँच गर्दा दुवै खुट्टाको तिघ्रामा बाँधी राखेको चरेस बरामद गरिएको प्रहरी निरीक्षक यादवले बताए । महिलाको तिघ्रामा लुकाइएको १४ वटा पोकामा ७ किलो चरेस फेला परेको प्रहरीले बताए।



बरामद भएको चरेसको बजार मुल्य ५ लाख भन्दा बढी रहेको प्रहरीले बताए । पक्राउ परेकी ती महिलालाई जिल्ला अदालतबाट ७ दिनको म्याद लिई थप अनुसंधान भईरहेको प्रहरीले जनाएको छ। पछिल्लो समयमा बाराको बिभिन्न नाका हुदै लागू औषधका समानहरु भारत तर्फ तस्करी हुने गरेको छ।

# सिकेले कानूनी राज्यको उपहास गरे : राज्यमन्त्री कर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम । आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रुवी कर्णले राष्ट्रसेवक कर्मचारी माथि दुर्व्यवहार गर्नेकार्य निन्दनीय रहेको बताएकी छिन्।

उनले शुक्रवार एक विज्ञप्ति जारी गरी संघीयताको जननी प्रदेश २ मा यस्तो कानूनी राज्यको उपहास र दण्डहीनताको पराकाष्ठा नाघेको भन्दै सीके राउत नेतृत्वको जनमत पार्टी र कार्यकर्ताको निन्दा गरेकी छिन् । नेपालको संविधानको अधिनमा रही बाच्न पाउने अधिकार सवैको रहेको भन्दै उनले कुनै किसिमको अपराध गरे नेपालको कानुनको अधिनमा रही न्यायिक र संवैधानिक निकायले कारवाही गर्न सम्वन्धित निकायको ध्यानाकर्षण गराएकी छिन्।

घटनास्थलमा प्रशासनिक उपस्थितिमा राष्ट्रसेवकमाथि भएको घटनाले सिंगो प्रशासनिक निकायमाथि जनविश्वास गुम्नसक्ने भएकोले समयमा यस्ता घटना प्रति सचेत हुन सम्बन्धित सबैपक्षलाई ध्यानाकर्षण गराएकी छिन्।

# प्रदेशस्तरीय दोस्रो महिला हस्तकला मेला हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेशस्तरीय दोस्रो महिला हस्तकला मेला यही कार्तिक १२ गतेदेखि १४ गतेसम्म जनकपुरधाममा हुने भएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय प्रदेश २ र नेपाल हस्तकला महासङ्घको संयुक्त आयोजनामा स्थानीय गोपाल धर्मशालामा हुने सो मेला/ प्रदर्शनीमा हस्तकलाका सामग्री प्रदर्शनी गरिने छ।

महासङ्घले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा उपाध्यक्ष सनम शाक्यले मेलाबाट स्थानीयस्तरमा हस्तकलाको बिक्री प्रवर्द्धन गर्ने तथा अन्तर्राष्ट्रिय बजारमा हस्तकला वस्तुको निकासी प्रवर्द्धन गर्न सघाउ पुर्याउने बताए। प्रदेश २ मा हस्तकला वस्तुलगायत स्थानीय उद्योगबाट उत्पादित सामानको बजार प्रवर्द्धन, स्थानीय कला तथा संस्कृतिको प्रचार प्रसार, नवोदित उद्यमीलाई वस्तु उत्पादनको बजारीकरण र उत्प्रेरणा, गरिब तथा विपन्न वर्गका महिला उद्यमी र तिनका परिवारलाई लघु, घरेलु हस्तकला उद्योगप्रति आकर्षण, स्थानीय उत्पादक, उपभोक्ता र क्रेतालाई एकै छाता मुनी भेला गराइ स्थानीय हस्तकलाको बजार प्रवर्द्धन, उद्यमी व्यवसायीको सम्पर्क र सम्बन्ध विकास गर्नु मेलाको उद्देश्य रहेको छ । मेलामा हस्तकला उद्यमी, व्यवसायीद्वारा उत्पादित स्थानीयस्तरका विभिन्न वस्तु, मिथिला कला, माटाका भाँडा, लाहाका गरगहना, प्राकृतिक रेसाका वस्तु, चाँदीका गरगहना, पश्मिना ऊनी तथा सुतीजन्य वस्तु, काष्ठकला र हाते कागजजन्य वस्तु प्रदर्शनमा राखिने जनाइएको छ।

करिब ७० देखि ९० वटा कक्ष रहने मेलामा २५ हजार आगन्तुक आउने तथा मेलामा जनकपुरधाम उपमहानगरपालिकालेपनिसहयोग गर्ने जनाइएको छ।

# नेकपा एसद्वारा राहत माग

**अजमल मिकरानी**

सर्लाही । नेकपा (एकीकृत समाजबादी) हरिवन नगर कमिटीले केही दिनदेखि परेको वर्षाले कृषकहरुको भएको धनजनको क्षति उपलव्ध गराउन माग गरेको छ । शुक्रवार एक प्रेस विज्ञप्ति जारी गरी राहतको व्यवस्था मिलाउन माग समेत गरेको छ।

पार्टीले किसानहरु चाडवाडमा व्यस्त रहेको वेला वर्षा र डुवानले धान सहितका तरकारी खेती आदिमा क्षतीपुगेपछि कृषकहरु चिन्तामा परेको तर हरिवन नगरपालिकाले कुनै चासो नलिएको भन्दै दुखेसो पोखेका छन् । विज्ञप्तिमा नगरपालिकाले अहिले कृषकहरुको खेतबारीमा पुगि लगत संकलन गर्नुपर्ने थियो तर, किसानहरुको चिन्ता राजामहराजाहरुले किन गर्नु पर्‍यो ? भन्दै प्रश्न तेर्साएका छन्। दुःख परेको वेला आफ्ना जनप्रतिनिधि घर-घर आउने प्रतिक्षामा रहेका किसानलाई थप पीडा भएको छ।

पार्टीका हरिवन नगर कमिटी अध्यक्ष चूडामणि वाग्लेद्वारा हस्ताक्षरित उक्त प्रेस विज्ञप्ति मार्फत स्थानीय सरकारले किसानहरुलाई राहत उपलब्ध गराउनुको साटो तारिख वोकाएको भन्दै घोर भत्सर्ना गरेको छ । प्रभावित स्थानमा टोली पठाएर स्थलगत विवरण लिई जतिसक्दो चाँडो क्षतिपूर्ति तथा राहतको व्यवस्था मिलाउन नगरपालिका चुकेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

# पकहामैनपुर गापा भवनको शिलान्यास



**लालबाबु बानिया**

पोखरिया। पर्साको पकहामैनपुर गाउँपालिका कार्यालय भवनको शुक्रबार एक कार्यक्रमका बीच शिलान्यास गरिएको छ। जसपाका नेता हरिनारायण रौनियारले भवनको शिलान्यास गरेका हुन्।

शिलान्यास गर्दै नेता रौनियारले पचास वर्षमा नभएको विकास संघीयता आएको चार वर्षमा भएको दावी गरे । सदरमुकाम वीरगंज आवतजावतमा समेत समस्या हुने गरेको थियो । तर, अचेल बाटोघाटो, स्वास्थ्य, शिक्षा, कृषि लगायत भौतिक पुर्वाधार विकासको काम तीव्र गतिमा अघि बढेको उनले जिकिर गरे।

बस संचालनमा ल्याएर ज्येष्ठ नागरिकको लागि निःशुल्क व्यवस्थापन गर्ने गापा अध्यक्ष विजय चौरसियाले बताए । चार वर्षमा ७० प्रतिशत विकास निर्माणको काम पूरा भएको गापा अध्यक्ष चौरसियाले दावी गरे।

७५ लाखको लागतमा नयाँ भवन निर्माण हुन लागेको चौरसियाले जनाए। गाउँपालिका अध्यक्ष चौरसियाको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रम मा प्रदेशसभा सदस्य मंजुरआलम, बिन्दबासिनी गाउँपालिका अध्यक्ष श्रीलाल साह कानु, सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष प्रदिप जयसवाल, जसपा नेपालका प्रदेश सदस्य गौरिशंकर साह, जसपाका क्षेत्रिय अध्यक्ष नागेन्द्र यादव लगायतले शुभकामना मन्तब्य राखेका थिए।

# लालु खोज्न गोताखोर टोली दिनरात पानीमा

**टुडे समाचारदाता**

सप्तरी। जिता खोलाको बाढीले बगाएका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ९ का २३ वर्षिय लालु भन्ने दिपेन्द्र मण्डल अझै भेटिएका छैनन्। उनी वेपत्ता भएको शुक्रवार तीन दिन पुगेको छ।



शुक्रवार पनि सशस्त्र प्रहरीको गोताखोर टोली र स्थानीयले डुंगाको प्रयोग गरी खोजी कार्य ब्यापक बनाएको छ । बुधवार दिउँसो सीमावर्ती भारतको कुनौली बजारबाट दीपावली र छठ पर्वका लागि किनमेल गरी फर्किंदै गर्दा रमपुरामल्हनीया-हनुमाननगर सडक खण्डको जीर्ण पुल पार गर्ने क्रममा बाढीले मण्डललाई बगाएको थियो । उनीसँगै रहेका २८ वर्षिय संजीव मण्डल भने पौडी खेलेर ज्यान जोगाउन सफल भएका थिए। मण्डलको अवस्था अहिले सम्म पत्ता नलाग्दा परिवार पीडामा छन्। विगत तीन दिन देखि घट्नास्थल मै रहेका मण्डलका भाई राजकुमारले वेपत्ता भएका दाजुको खोजी कार्यमा प्रहरी र स्थानीयवासी सँगै आफुहरु पनि जुटेको तर अहिले सम्म कुनै अत्तो पत्तो नलागेको दुखेसो पोखे।

वेपत्ता मण्डलको खोजीका लागि सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठको नेतृत्वमा विगत तीन दिन देखि गोताखोर टोलीले खोजी कार्य जारी राखेको छ । "सुरक्षाकर्मी दिनरात डुङ्गाले घट्नास्थल तथा आसपासका क्षेत्रमा खोजी गरिरहेका छन, सशस्त्र प्रहरी उपरिक्षक श्रेष्ठले भने-'तर हाल सम्म सफलता मिलेको छैन।'

जिता नदीको बाढीले मण्डललाई भारतीय क्षेत्र तर्फ बगाएर लगेको हुन सक्ने अनुमान गर्दै भारतीय प्रहरी अधिकारीको सहयोगमा समेत खोजी कार्य ब्यापक बनाइएको उनको भनाई छ। बाढीले सो सडक खण्डको फुल समेत ढलेको छ। जसकारण विगत तीन दिन देखी उक्त सडक खण्डमा आवागमन पुर्णरुपमा ठप्प भएको छ। वर्षा रोकिएकाले अबिलम्ब क्षतीग्रस्त पुलको मर्मत तथा आवागमन सुचारु गर्न स्थानीयले माग गरेका छन्।

# अनुसन्धानको मामिलामा सर्लाही प्रहरी प्रदेशमै उत्कृष्ट

**अजमल मिकरानी**

मलगंवा । अनुसन्धानको मामिलामा सर्लाही प्रहरी प्रदेश २ मै सबैभन्दा उत्कृष्ट ठहरिएको छ । गत असोज २४ गते संघीय प्रहरी कार्यालय जनकपुरमा आयोजितअनुसन्धान अधिकृतको एक दिवसीय अन्तरक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट अनुसन्धान गरिएको मिति २०७।१२।१० गते जिल्ला सर्लाही मलंगबा न.पा.वडा नं -९ स्थितमा शुशिल कुमार यादवको घाँटीकाटी हत्या भएको घटनाको अनुसन्धान प्रदेश नं.२ मा भएको अन्य घटनाको अनुसन्धानको तुलनामा उत्कृष्ट भएको हो।



उक्त कार्यक्रमका २ नं.प्रदेश प्रहरी कार्यालय जनकपुरकाप्र.ना.म.नि उमेश रंजितकारको प्रमुख अतिथिमा सम्पन्न भएको थियो । यस्तै गत बर्षमा पनि सर्लाही प्रहरीनै अनुसन्धान र अभिलेख व्यबस्थापनमा उत्कृष्ट भएको कारण प्रदेश भरीका अनुसन्धान अधिकृतहरु सर्लाही जिल्ला प्रहरी कार्यालयको अवलोकन गरेका थिए।

# हँसपुर नपाले क्षतिको लगत संकलन गर्दै

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको हँसपुर नगरपालिकाले अविरल वर्षाका कारण बालीमा पुर्‍याएको क्षतिको लगत संकलन कार्य गर्ने भएको छ। नगरपालिकाले शुक्रबार एक सूचना जारी गर्दै पालिकाको ९ वटै वडाका किसानहरुलाई क्षति विवरण उपलब्ध गराउन आग्रह गरेको छ। अविरल वर्षाले गर्दा किसानहरुलाई भारी क्षति भएको छ। बालीनालीमा भएको क्षतिको मध्यनजर गर्दै पालिकाले किसानहरुलाई तोकिएको समयभित्र क्षति भएको क्षेत्रफल, क्षति विवरण उपलब्ध गराउन आग्रह गरेको हो।

गएको कात्तिक १ र २ गते परेको अविरल वर्षाका कारण भएको बालीनालीको क्षतिप्रति हंसपुर नगरपालिकाको गंभिर ध्यानाकर्षण भएको छ । अविरल वर्षाका कारण भौतिक र किसानहरुलाई भएको क्षति विवरण तोकेको ढाँचा अनुसार तीन दिन भित्र पालिकामा उपलब्ध गराउन आग्रह गरेको छ। बालीनाली क्षतिको तस्वीर, जग्गाधनीको लालपूर्जासहितको कागजात पेश गर्न पालिकाले भनेको छ।

# बारामा सवारी दुर्घटना बढ्यो

**रञ्जन यादव**

जीतपुर । बारा जिल्लामा सवारी दुर्घटनामा बृद्धि भएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका अनुसार पछिल्लो ३ वर्षको तथ्यांकले दुर्घटनाको डर लाग्दो अवस्था देखाएको हो । मानिसमा जनचेतना भएको तर कानुन कार्यान्वयन फितलो हुँदा सर्वसाधारणले मनपरी गर्ने प्रवृति बढ्दै गएपछि दुर्घटनामा बृद्धि भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका प्रमुख ट्राफिक प्रहरी निरीक्षक बिपिन ओझाले बताए।

चालु आर्थिक वर्षको असोज सम्मको तथ्यांक अनुसार ६ महिनामा १ सय ९८ दुर्घटनाबाट ५६ ले मृत्यु भईसकेको छ । बारामा प्रत्येक आर्थिक वर्षमा सवारी दुर्घटनामा परी कम्तीमा सय जनाले ज्यान गुमाएका छन् । सबैभन्दा बढी मोटरसाईकल दुर्घटनामा परेर ज्यान गुमाएको प्रहरीको तथ्यांक छ। कार, जिप र बस दुर्घटनाका कारण धैरैले ज्यान गमाएको तथ्यांकले देखाएको छ। आर्थिक बर्ष ०७५/७६ मा जिल्लामा १ सय ९ सवारी दुर्घटनामा ८८ जनाको मृत्यु भएको छ, भने ०७६/७७ मा १ सय ८५ सवारी दुर्घटनामा परी १ सय ९ जनाले ज्यान गुमाएका छन् । यस्तै आर्थिक बर्ष ०७७/७८ मा ५ सय ७९ सवारी दुर्घटनामा परी १ सय ७८ जनाले ज्यान गुमाउँन बाध्य भएका छन्।

'यो संख्या आर्थिक वर्ष ०७६/७७ को सवारी दुर्घटनामा भन्दा २१२.९७ प्रतिशतले बढि हो', उनले भने। जिल्ला ट्राफिक प्रहरी कार्यालय बारा निजगढले सवारी दुर्घटना बढ्नुको मुख्य कारण जिर्ण सडक र तिव्रगति रहेको धारणा राखेका छन । ट्राफिक नियमको पालना नगरी सवारी चलाउँदा बढि दुर्घटना भएको ट्राफिक प्रहरी निरिक्षक ओझाले स्पष्ट गरे।

**मोटरसाईकल हरायो**

कर्मचारी संचय कोष, जनकपुरधामको कार्यालय कम्पाउण्डमा पार्किङ्ग गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो रंगको पल्सर २०० सी.सी. NS मोटरसाईकल २०७८/०७/४ गते दिउँसो १:३० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमाा बुझाई दिनु हुन अनुरोध छ।

**सवारी धनीको नाम: विशाल कुमार यादव**
**ठेगाना :- जि.म. मटिहानी न.पा.-७**
**सवारी नं.:** प्र.२-०२-००३ प
**इन्जिन नं.** : JLXCLG 26438
**चेसिस नं.** : MD2A36FX6LCG94570
**सम्पर्क नं.** : ९८१७८२८८४६,९८६९९९८३९८

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन बृद्धि सञ्चय। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दुबईमा अलपत्र सात नेपालीको उद्धार

वीरगञ्ज । वैदेशिक रोजगारीका लागि भन्दै दुबई गएर अलपत्र परेका पर्साको बहुदरमाई नगरपालिकाघर भएका सात युवा उद्धार पश्चात घर फर्केका छन् ।

बहुदरमाईका नगरप्रमुख नितेन्द्र साहको पहलमा दुबईमा अलपत्र परेका युवालाई सकुसल घर फकाईएको हो ।

दुबई गएकालाई नगरप्रमुख साहले त्यहाँ अलपत्र परेका हरिशङ्कर ठाकुर, प्रदीपकुमार, प्रकाश प्रसाद, बाबुचन पासवान, वशिष्ठ हजारा, मुकेश साह र रामअयोध्या कुर्मीलाई आफ्नै पहलमा घर फर्काउनुभएको हो ।

एजेन्ट सुरेन्द्र यादवमार्फत भुक्याएर पर्यटक (टुरिष्ट) भिसामा वैदेशिक रोजगारीका लागि युवा केही समयअघि दुबई गएका थिए ।

दुबई भ्रमणमा गएका नगरप्रमुख साहको सम्पर्कमा आएर उनीहरूले आफ्नो समस्याबारे जानकारी गराएपछि साहकै प्रयासमा उनीहरू नेपाल फर्केका हुन् । नगरप्रमुख साहले भन्नुभयो "मेरो दुबई यात्रा सात दिनको थियो, तर युवाहरूका बारेमा थाहा पाएपछि मैले भ्रमण तीन दिनमै छोट्याएँ, युवाहरूको उद्धार गरी घर फकाईएको छ ।"

नगरप्रमुख साहले दसैं बिदामा दुबई घुम्न गएका बेला त्यहाँ आफ्नै गाउँका युवा अलपत्र परेको थाहा पाएपछि आफ्नो भ्रमण समयवाधि छोट्याएर उनीहरूलाई उद्धार गरी घर फर्काउनुभएको हो । नगरप्रमुख साहले अझै पनि आफ्नो गाउँका चार युवा दुबईमै अलपत्र परेको आफूले थाहा पाएकाले उनीहरूलाई पनि घर फर्काउन पहल गर्ने जानकारी दिनुभयो ।रासस

# कात्तिक कृष्णपक्ष लागेसँगै कुम्हालको व्यस्तता



महोत्तरी । चन्द्रमासले कात्तिक कृष्णपक्ष लागेसँगै प्रदेश नं २ का महोत्तरीसहितका मिथिला क्षेत्रमा कुम्हाल जाति समुदायको व्यस्तता बढेको छ । यस पक्षको अन्त्यमा पर्ने दीपावली र त्यसलगत्तै सुरु हुने छठपर्वमा माटाका भाँडाको माग बढ्ने आशले कुम्हाल यो पक्ष लागेसँगै व्यस्त भएका हुन् । दीपावली र छठमा कलश, दियो, घडा (गाग्रो) तथा छ्यूँची (दही जमाउने भाँडा) र ढकनासहित नयाँ माटाका भाँडा प्रयोग गरिने मैथिल परम्पराअनुसार अहिले यी भाँडा बनाउने काम कुम्हाल समुदायको प्राथमिकतामा परेको हो ।

वर्षभरि अन्य बेला खासै प्रयोगमा आउन छाडेका माटाका भाँडा पर्वविशेषमा मिथिला परम्परामा अनिवार्यजस्तै मानिदै आइएकाले यस भेगका सबैजसो बजारमा यसको बेग्लै बजार जमेको देखिँदो छ । महोत्तरीको सुदूर उत्तरवर्ती मुख्य व्यापारिक केन्द्र बर्दिबासको मुख्यचोक र हटियामा अहिले २० भन्दा बढी माटाका भाँडा पसल थापिएका छन् । अन्य बेला साप्ताहिक हाट लाग्ने दिन मात्र यी भाँडाका बजार लागे पनि अहिले कात्तिक कृष्णपक्ष सुरु भएसँगै दिनदिनै माटाका भाँडाको बजार जमेको बर्दिबास व्यापार सङ्घका महासचिव भवनाथ खतिवडा बताउनुहुन्छ । मिथिला क्षेत्रमा माटाका नयाँ भाँडा शुभकार्य गर्न उत्तम हुने सामाजिक मान्यताले चाडपर्वमा यसको माग बढ्ने गरेको यस क्षेत्रका उद्यमी व्यापारीको भनाइ छ ।

दीपावली र छठपर्वमा बत्ती बाल्ने दियो, कलश राख्ने घडा, दही जमाउने छ्यूँची र त्यसलाई छोप्ने ढकनसहित माटाकै नयाँ भाँडा प्रयोग गरिने परम्पराले यसको कारोबारमा वृद्धि भएको माटोका भाँडा बनाउने पेशाका कुम्हालहरूको भनाइ छ ।

भाँडा बिक्री भएसँगै आफूहरूको तिहार र छठपर्वको खर्च जोहो हुने गरेको कुम्हालले बताएका छन् । पर्वको मुख पारेर जिल्लाका बर्दिबास, औरही, सीतापुर, रामगोपालपुर, गौशाला, सम्सी र सदरमुकाम जलेश्वरसहितका नगरमा माटाका भाँडाका स्थायी स्टल नै राखिएका छन् । महोत्तरीबाहेकका प्रदेश नं २ का अन्य जिल्लाका बजारमा पनि माटाका भाँडाको बजार राम्रो जम्दो देखिएको छ ।

माटाका भाँडावर्तनको बिक्रीका लागि दीपावली र छठपर्वपूर्व उपयुक्त बेला मानिन्छ । विगतमा घरव्यवहार प्रयोजनमा बाक्लै माटाका भाँडा प्रयोग गरिने भए पनि अब दैनिक प्रयोजनमा यसको प्रयोग हुन छाडेकाले चाडपर्वका लागि मात्र यसको माग हुने गरेको कुम्हाल बताउँछन् । मिथिलामा दीपावली, छठ, चौरचन र दसैं माटाका नयाँ भाँडाको माग हुने मुख्य पर्व भए पनि यसको छुट्टै बजारको चहलपहलचाहिँ दीपावली र छठपर्वको मुखमा हुने गरेको छ ।

मिथिला क्षेत्रमा दुई दशक पहिलेसम्म माटाका भाँडा दैनिक प्रचलनमा रहेपनि त्यसयता प्लाष्टिकका भाँडाको प्रयोग बढेकाले आफूहरूको व्यवसाय चाडपर्व विशेषमा खुम्चिएको कुम्हाल बताउँछन् । अहिलेको कमाइले सालभरिको नगद खर्चको जोहो गर्नुपर्ने हुँदा काम भ्याइनभ्याइ परेको भङ्गाहा नगरपालिका-५ भूचक्रपुर बस्तीका गङ्गाबहादुर कुम्हालले बताउनुभयो ।

दीपावली, छठपर्वका अवसरमा महोत्तरीका बजारमा रु ५० लाखको हाराहारीमा माटाका भाँडाको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका पदाधिकारीको अनुमान छ । कात्तिक कृष्ण पक्षसँगै जमेको माटाका भाँडाको बजार छठसम्मै रहने र मूल्यवृद्धिसमेत भएकाले यो पर्वभित्र जिल्लाभरिमा रु ५० लाखभन्दा बढीको कारोबार हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंह बताउनुहुन्छ ।रासस

# नवनिर्मित सवस्टेशनबाट सेवा सुरु



सर्लाही । सर्लाहीको लालबन्दी नगरपालिका-१ मा निर्माण गरिएको १३२/३३ केभीए सवस्टेशन आयोजनाले शुक्रवारबाट जिल्लाको हरिवन र लालबन्दी क्षेत्रमा विद्युत् सेवा प्रवाह सुरु गरेको छ । करिब रु ४७ करोडको लागतमा निर्माण गरिएको उक्त आयोजनाले नजिकिँदै गरेको पर्व तिहारलाई झिलीमिली बनाउने भएको छ ।

लालबन्दी नगरपालिका-१ मा निर्माण गरिएको जिल्लाकै ठूलो आयोजनाले वितरण गरेको विद्युत् सेवालाई भरपर्दो र गुणस्तरीय वनाउन सवस्टेशन निर्माण गरिएको जनाइएको छ ।

सवस्टेशनबाट विद्युत् प्रवाह भएपछि आफूहरूलाई खुसी लागेको र विद्युतीय समस्याबाट मुक्त भएको स्थानीय हरिप्रसाद धमलाले बताउनुभयो । कोरोना महामारी, वर्षायाम र चाडपर्वका कारण निर्धारित समयमा निर्माण सम्पन्न गर्न नसके पनि आफूहरूले काम गर्न कुनै कमी नगरेको पावाटेक वाइवा जेभी कम्पनीका प्रतिनिधि एचपी लामाले बताउनुभयो ।

ट्रान्सफर्मर कात्तिक २ गतेदेखि नै चार्ज गर्न सुरु गरिएको र नवलपुरबाट विद्युत् प्रवाह सुरु भएपछि सर्लाहीमा विद्युतीय समस्या समाधान हुने आयोजना प्रमुख निरन्जन साहले बताउनुभयो । उहाँका अनुसार समयमै काम सकेर दसैँदेखि नै विद्युत् सेवा विस्तार गर्ने लक्ष्य रहेकामा लकडाउनका कारण समस्या परेको र अबको एक महिनामा निर्माणको सानोतिनो सबै काम सकिने भए पनि विद्युत् प्रवाह भने आजैबाट सुरु भएको छ ।

सवस्टेशन निर्माणको सम्पूर्ण काम सम्पन्न भएपछि हरिपुर तथा मलङ्गवाका सवस्टेशनमा विद्युत् सेवा प्रवाह गरिने र जिल्लामा विद्युत्सम्बन्धी समस्या समाधान हुने आयोजना प्रमुख साहको भनाइ थियो । जिल्लाका तीन वटै सवस्टेशन ३३/११ केभीएका मात्र रहेका कारण समस्या हुँदै आएको थियो । अब यो सवस्टेशन बनेपछि समस्या समाधान हुने विश्वास लिइएको छ ।

अहिले तीनवटै सवस्टेशनलाई धनुषाको ढल्केवर र रौतहटको चन्द्रनिगाहपुरको सवस्टेशनबाट विद्युत् ल्याउनु परेकामा अब नवलपुरकोसवस्टेशननिर्माणभएपछिलालबन्दी र हरिवनका लागि नवलपुरबाट सिधै र हरिपुर र मलङ्गवाका सवस्टेशनबाट समेत सेवा सञ्चालन हुनेछ । बाहिरबाट ल्याएको विद्युत्ले जिल्लाको आपूर्ति थाम्न नसकेका कारण जिल्लामा विद्युतीय समस्या रहेको थियो । त्यही समस्या समाधान गर्न जिल्लामै सवस्टेशन निर्माण भइरहेको आयोजना प्रमुख साहले बताउनुभयो । यो सवस्टेशनका लागि ढल्केबर ग्रिड शाखाबाट पनि सेवा सञ्चालन हुनेछ । उहाँका अनुसार हरिपुर र मलङ्गवा सवस्टेशनलाई नवलपुरले लाइन दिने र लालबन्दी तथा हरिवनका लागि नवलपुर आफैँले सेवा विस्तार गर्नेछ ।

नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको करिब रु ४६ करोड ३६ लाखको लागतमा आर्थिक वर्ष २०७५/०७६ देखि सवस्टेशन निर्माणको पावाटेक वाइवा जेभी कम्पनीले निर्माणको ठेक्का पाएको थियो । कोरोना महामारी, वर्षायाम, चाडपर्व आदिका कारण म्याद थप गरेर निर्माण गरेको कम्पनीले निर्माणको सम्पूर्ण काम आव २०७८/०७९ भित्रैसम्पन्न गर्ने गरी काम गरिरहेको निर्माण कम्पनीका प्रतिनिधि लामाले बताउनुभयो ।

जिल्लामा केन्द्रीय प्रसारण लाइनको पहुँच पुर्याउनका लागि सवस्टेशन निर्माणको काम गरिएको र अबको करिब एक महिनामा निर्माण सम्पन्न हुने उहाँको भनाइ थियो । सामान्य काम बाँकी रहेको र अबको करिब एक महिनामा सम्पूर्ण निर्माणको काम सम्पन्न हुनेछ ।रासस

# ७ सय ८ सङ्क्रमित थपिए

काठमाण्डु । नेपालमा पछिल्लो २४ घण्टामा ७०८ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रवार सार्वजनिक गरेको तथ्याङ्कमा नौ हजार ३७६ जनामा कोरोना परीक्षण गर्दा ७०८ जनामा सङ्क्रमण पाइएको हो ।

शुक्रवार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित १० हजार ९४६ जना रहेका छन् । ५०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला १४ रहेका छन् । ५०० भन्दाबढी सङ्क्रमण हुने जिल्ला काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन् । सङ्क्रमण दर १८.५ प्रतिशत रहेको छ । सङ्क्रमति शून्य रहेका जिल्ला मुस्ताङ र मुगु रहेका छन् ।

पछिल्लो २४ घन्टामा ९३२ जना सङ्क्रमणबाट निको भएका छन् ।

यससँगै नेपालमा हालसम्म सात लाख ८५ हजार ८१३ जनामा सङ्क्रमण रहेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.२ प्रतिशत रहेको छ । आज कोरोना सङ्क्रमणबाट ११ जनाको निधन भएको छ ।

अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३३७ जनाको निधन भएको छ । त्यसैगरी होम आइसोलेसन १० हजार ११६, संस्थागत आइसोलेसनमा ८३० जना, सघन उपचार कक्ष (आइसियु)मा २७९ र भेन्टिलेटरमा ९१ जना रहेका छन् । आज ५८ हजार ८५३ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । अहिलेसम्म ८५ लाख ९४ हजार २७४ पहिलो मात्रा र ६५ लाख ४६ हजार २३७ पूर्ण मात्राको खोप लगाइसकेका छन् ।रासस

# कोभिड-१९ पछिको शिक्षा, छात्रा बढी प्रभावित

काठमाण्डु । कोभिड-१९ को महामारीपछि विशेष गरी विद्यालय तहका बालबालिका पूर्ववत् सिकाइ वातावरण, स्वच्छ मनोरञ्जन र अन्य सामाजिक अवसरको पूर्ण प्रयोगबाट बञ्चित हुँदै आएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)को पछिल्लो तथ्याङ्कानुसार विश्वव्यापीरूपमा सातमध्ये कम्तीमा एक बालबालिका बन्दाबन्दीबाट प्रत्यक्षरूपमा प्रभावित भएका छन् भने एक अर्ब ६० करोडभन्दा बढी बालबालिकाले शिक्षाको अवसर गुमाएका छन् । महामारीपछि अस्तव्यस्त भएको दिनचर्या, शिक्षा, मनोरञ्जनका साथै पारिवारिक आय र स्वास्थ्यको चिन्ताजस्ता बाधाले गर्दा धेरै बालबालिका तथा युवामा डर, क्रोध र आफ्नो भविष्यप्रति चिन्ता अनुभव भएको युनिसेफको प्रतिवेदनमा उल्लेख छ । नेपालमा पहिलो र दोस्रो लहरको कोरोना रोकथामको बन्दाबन्दीले गर्दा ७४ हप्तासम्म विद्यालय पूर्ण र आंशिकरूपमा बन्द भइसकेका छन्, यो विश्वका कोभिड प्रभावित मुलुकको तुलनामा बढी भएको अध्ययनले देखाएको छ ।

नियमित र प्रत्यक्षरूपमा विद्यालय सञ्चालन नहुँदा डिजिटल जोखिममा विशेषतः किशोरी पर्ने गरेका छन् । कोभिड-१९ पछि किशोरी अनलाइनको दुर्व्यवहारमा परेका तथा बालविवाह, बालहिंसाका घटना बाहिरिएका छन् । एकातिर अनलाइन शिक्षामा सबै बालबालिकाको पहुँच पुग्न सकेको छैन भने अर्कोतिर अनलाइनको पहुँचमा भएका बालबालिका डिजिटल लतमा फस्न पुगेका छन् । यसले उनीहरूमा मनोसामाजिक असरसमेत पर्ने गरेको छ । यही अक्टोबार ११ मा 'डिजिटल पुस्ता, हाम्रो पुस्ता' भन्ने नाराका साथ यस वर्षको दिवस विश्वभर मनाइँदा डिजिटल जोखिममा बालिकाबारे चिन्ता जाहेर गरिएको थियो ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा भगवान् अर्यालले कोभिड-१९ को अत्याधिक सङ्क्रमण देखिएका राष्ट्रमा समेत विद्यालय यति लामो समयसम्म बन्द नभएको पाइएको बताउनुभयो ।

सुविधाविहीन बालबालिकाको अनलाइन शिक्षामा पहुँच नपुग्ने भएकाले सिकाइमा नकारात्मक प्रभाव पर्नाका साथै सबै विद्यार्थीमा सिकेका कुरा धेरै समय सम्झिन सक्ने क्षमतामा कमी भएको सहप्राध्यापक डा अर्यालको भनाइ छ । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)ले बन्दाबन्दीपछि विद्यालय खुले पनि विश्वभरि ११७ मिलियन विद्यार्थी (७.५%) अझै विद्यालय बाहिर रहेको विवरण सन् २०२० मा प्रकाशनमा ल्याएको थियो । सो विवरणअनुसार नेपालमा झण्डै ९० लाख विद्यार्थीमा कोभिड-१९ का कारण शैक्षिक संस्था बन्दको प्रभाव परेको थियो । यसमध्ये ११% पूर्वप्राथमिक तह, २८% प्राथमिक तह, ३९% माध्यमिक तह र ५% उच्च तहका विद्यार्थी रहेका थिए ।

महामारीले नेपालका विद्यालय तहका ७४ लाख विद्यार्थीको सिकाइको क्षतिसम्बन्धी तत्कालीन जोखिम सिर्जना गरेको मानिएको छ । यसका अतिरिक्त, लामो समयसम्म विद्यालय बन्द रहने, गतिशीलतामा बन्देज लाग्ने र बन्दाबन्दीले घरमै सीमित हुने भएकाले विद्यार्थीको स्वास्थ्यका साथै परिवार तथा समुदायलाई पनि थप तनाव भई नकारात्मक असर सिर्जना गरेको युनाइटेड वर्ल्ड स्कुल्सको प्रतिवेदन २०२० ले जनाएको छ । निम्न वर्गीय अभिभावकले बढी मात्रामा घरायसी तथा शारीरिक श्रममा संलग्न गराउन तथा बालिका विद्यार्थी विशेषरूपले कामकाजमा बढी संलग्न हुनुपर्ने जोखिम देखिएको ती अध्ययनले देखाएको छ । खासगरी बालविवाह र छिटो गर्भधारण, घरेलु हिंसा र शोषण, लैङ्गिक हिंसा, यौन दुर्व्यवहार र हैरानी, साइबर बुलिइङ तथा अपराधका घटना पनि कोभिडपछि देखिएका छन् ।

विपन्न र सीमान्तकृत परिवारका बालबालिकालाई दिवाखाजा कार्यक्रमबाट बञ्चित हुनुपर्दा पोषण स्वास्थ्यमै जोखिम उत्पन्न भई पोषण शिक्षाको अभाव, विद्यालयबाट प्राप्त हुने स्वास्थ्य सेवाबाट बञ्चित, अभिभावकको घरमा शिक्षा दिने क्षमतामा कमीजस्ता समस्या पनि देखिएका छन् ।

काठमाडौँ उपत्यकाका सामुदायिक, संस्थागत र गुठी विद्यालयका व्यवस्थापक, प्रधानाध्यापक र सहायक-प्रधानाध्यापकबीच गरिएको एक अध्ययनले २८% विद्यालयले मात्र विद्यालय पुनः सञ्चालन गर्ने लिखित प्रोटोकल तयारी गरेकामा लगभग ५०% विद्यालय कक्षाकोठामा शिक्षण सुरु गर्न पूर्ण तयार भएका र ४७% विद्यालय पनि केही हदसम्म खुल्न आतुर भएको पहिचान गरेको छ । त्यसमा २५% अभिभावकले आफ्ना बालबालिकाको सिकाइलाई कुनै समय दिन नसक्ने पाइएको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा हरि लम्साल सामाजिक र सांस्कृतिक कारणले छात्राको शिक्षामा निरन्तरतामा चुनौती पैदा गरेको स्थितिमा कोभिड-१९ को महामारीले थप चुनौती थपिदिएको ठान्नुहुन्छ । रासस

# भरतपुर अस्पतालद्वारा तीन औषधि 'सप्लायर्स'लाई कारबाही

चितवन । भरतपुर अस्पतालले औषधिपसलमा सम्झौताअनुसारको औषधि नल्याउने तीन सप्लायर्सलाई कारबाही गरेको छ । सन फार्मेसी पोखरा, हिमसागर मेडिकल हल पोखरा र मेडिसेल्स फर्मा भरतपुरलाई कारबाही गरेको हो । तीन पटकसम्म औषधि समयमा ल्याउनका लागि सप्लायर्सलाई ताकेता गरेको जनाइएको छ ।

कारबाही स्वरुप अस्पतालले औषधि बाहिर खरिद गर्दा र बोलपत्रमा सम्झौता हुँदाको मूल्यभन्दा थप परेको मूल्य सम्झौता गर्ने पक्षलाई तिर्न



अस्पताल विकास समितिको बैठकको निर्णयअनुसार ती पसललाई कारबाही गरिएको अस्पतालका सूचना अधिकारी गोपाल पौडेललाई जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालमा आवश्यक औषधि खरिदको आदेश दिइसके पछि पनि उनीहरूले औषधि नल्याएका जनाइएको छ । औषधि ल्याउने समय १७ दिन र ताकेता गरेको समयमा समेत औषधि नल्याएपछि कारबाही गर्न बाध्य भएको उहाँले जानकारी दिनुभयो । अस्पतालले लगाएको छ । सरकारको 'फार्मेसी निर्देशिका २०७४' अनुसार अस्पतालमा फार्मेसी सञ्चालनमा आएपछि औषधि समयमा नल्याउने ठेकेदार कम्पनीलाई यस अस्पतालमा कारबाही गरिएको यो पहिलो रहेको अस्पतालको फार्मेसी विभाग प्रमुख सविनराज लामिछानेले जानकारी दिनुभयो ।

सन फार्मेसीले मधुमेहका बिरामीलाई आबश्यक पर्ने 'मेटफर्मीन' नामक औषधि विगत दुई महिनादेखि उपलब्ध गराउन छाडेको थियो । सो औषधि फार्मेसीले सम्झौताअनुसार १.४० पैसा प्रति ट्याब्लेटमा अस्पताललाई उपलब्ध गराउनुपर्ने हुन्थ्यो । लामो समयसम्म औषधि ठेकेदार कम्पनीले ल्याउन नसकेपछि अस्पतालले १.७५ पैसामा खरिद प्रक्रिया सुरु गरेको छ । सो फार्मेसीलाई सम्झौता भए भन्दा बढीको मूल्य तिर्न लगाइएको छ । यस फार्मेसीले २११ प्रकारका औषधि ल्याउने सम्झौतामा उल्लेख छ ।

यस्तै हिमसागर मेडिकलले मेटफर्मीन/ग्लिमेप्राइड नामक औषधि समयमा नल्याएको जनाउँदै कारबाही गरिएको छ । विगत लामो समय देखि माग गरिएको औषधि नपाउँदा बिरामी मर्कामा पर्न थालेको जनाउँदै अस्पतालले आफैँ खरिद गरी सम्झौताभन्दा बढीको मूल्य ठेकेदार कम्पनीलाई तिर्न लगाएको छ । सो औषधि सम्झौताअनुसार ६.९८ पैसा प्रतिट्याब्लेट पर्नेमा अस्पतालले बाहिरबाट खरिद गर्दा रु सात मा खरिद गरेको सूचना अधिकारी पौडेलले जानकारी दिनुभयो । यस हलसँग १८१ प्रकारका औषधि ल्याउने सम्झौता भएको थियो ।

कारबाहीमा पर्नेमा मेडिसेल्स फर्माले डेक्सामेथासोन इन्जेक्सन (जीवन रक्षक औषधि) आकस्मिक कक्ष, सघन उपचार कक्ष र कोरोना भाइरस सङ्क्रमितलाई समेत प्रयोग हुने औषधि नल्याए पछि कारबाही गरिएको छ । सम्झौताअनुसार रु ११ प्रतिभाइलमा ल्याउनुपर्ने सो औषधि अस्पतालले बाहिरबाट खरिद गरी ल्याउँदा रु १८.१२ पैसा पर्न गएको प्रमुख लामिछानेले जनाकारी दिनुभयो । यस कम्पनीलाई पनि सम्झौताभन्दा बढीको रकम तिराइने छ । यस कम्पनीले अस्पतालमा ९४ प्रकारका औषधि ल्याउनका लागि सम्झौता गरेको थियो । उनीहरूले अन्य औषधिसमेत समयमा उपलब्ध गराउन नसकेको अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालका अनुसार अन्य औषधिका लागिसमेत ताकेता गरिएको छ । अन्य सप्लायर्सले समेत ढिलाइ गर्दा आवश्यकताअनुसारको औषधि बिरामीले पाउन सकेका छैनन् । ढिलाइ गर्ने कम्पनीलाई पनि ताकेता गरिएको र अटेर गरे कारबाही गरिने अस्पतालले जनाएको छ । समयमा औषधि नापउँदा सेवाग्राही मारमा पर्न गएकाले कारबाही गरिएको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डन्ट प्रा डा कृष्ण पौडेलले बताउनुभयो । अस्पतालले खरिद नियमअनुसार कारबाही प्रक्रिया अघि बढाएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "समयमा औषधि नल्याउने ठेकेदारलाई नियमित जानकारी गराइएको छ । समयमा औषधि नल्याए कानूनअनुसार कारबाहीको प्रक्रियामा अघि बढाउँछौं ।" समयमा औषधि नल्याउने कम्पनीलाई सम्झौताअनुसार कारबाही गरी कालोसूचीमा राख्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र औषधि व्यवस्था विभागमा सिफारिस गरिने उहाँले जानकारीदिनुभयो ।

अस्पतालका फार्मेसीमा औषधि ल्याउनका लागि विभिन्न १० कम्पनीले ठेक्का सम्झौता गरेका थिए । विसं २०७७ साल माघमा एक वर्षका लागि औषधि ल्याउनका लागि ती सप्लायर्ससँग सम्झौता गरिएको हो । सर्जिकल सामानतर्फ छ सप्लायर्ससँग सम्झौता भएको थियो ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## मेरो सपना

म लेख्दै छु तिम्रो बारेमा
तिमीलाई धन्यबाद दिउ कसरी
मरेर पनि अमर भईन्छ
तिमि संग म सिकू कसरि
मनमा घर बनाई बस्ने बानि छ मेरो
अरुको भन्दा फरक कहानी छ मेरो
जसले जतिनै गहिरो घाउ दिए पनि
त्यति नै मुस्कुराई दिने बानि छ मेरो
"धन्यबाद"



**नाम:- घनश्याम कुमार महतो**
**स्थान:- औरही ९, भवानिगंज**

## कविता

गहुँमके रोटी ईनारऽ पानी
गाउँके साथी माइके गालि
सुनने बंडा निकलगै ए।।
गाउँके गाछी माईके ममता भरल छाती
जत त-त देखै छि हरिएरे गाछि
हमरा देखमे बंडा निकलगै ए।।
बचपनके बात खेलैत रहौं पुलिडन्डाके साथ
गुरुके डाँट बाबुके बात
सुनने बंडा निकलगै ए।।
नै जाईब हम प्रदेश एउ बाबू
साथमे रैह सुख दुःख बाँटब
हमरा मिथलेके माटी बंडा निकलगै ए।।



**शब्द :- बिरेन्द्र कुमार मण्डल**
**न. पा. :- हँसपुर ,भतही ८**
**मा. बि. झटियाहि**

## याद

याद अबैछी अहाँ यै सब राईत
अहि लेल रहैछी हम सपनाईत
अधा राइत मे उइठ उइठ क हम
परहैत रहैछी अपन प्रेम क पाईत
कि कहु कते टिस मारैय ई करेज
जब याद अहाँ करबै तब बुझाईत
अहाँ त अखन इजोरिया बनल छि
जब हेब अनहार त किछ नै सुझाईत
अपराधी जेना हमरा सजा ददेली अहाँ
हम मोइर जाइब त हमर याद सताईत



**रचना:-रमेश मन्डल**
**मिथिला बिहारी नगरपालिका-१**
**भुतही पटेर्वा,धनुषा ,नेपाल**

## रावण राज

कलयुगके इ धर्ती लंका जतह सभ लंका वासी
हृदय नै निश्छल केकरो एतह नै लायक केउ विश्वासी।
रक्त पिब एक दोसरके करहल सभ प्रगति
मठ मन्दिरमे रामे नाम हृदयमे रावणक भक्ति।।१।।
सुपनेखा सन टुनमुसरी केउ रावण सन अभिमानी
केउ मगन अपन अइ काममे केउ करे घिचातानी।
बिभिसन सन- सन भलके नै भेटैठ उचित आसन
दीने बुझ्फ एकदोसरके सभ करे शोसन शासन।।२।।
पिछरलके पिचेपाइच समपैत समटमे सभ लागल
छोट बर बिच शिसटाचार हृदय सऽ अइ हेरायल।
अपनो अपनाके धनेला आब लरहल अइ प्राण
मानव भऽ मानवताके सभ दियौ आब पहिचान ।।३।।



**नाम:- आभाष कर्ण**
**ठेगाना:- जनकपुरधाम, १४ (बसहिया)**

## ।। चुनाव ।।

चुनु आब अप्पन नेता
नै त भजाएत सब माइट ढेला
नै बिकाउ जनतासब दारुमासमे

भजाएब नै त बिरान तखने साँझमे
जुवनको सब नैपरु कोनो नेताके लालच लोभमे
नै त फैंस जायब टकला जैसन कैदमे

प्रदेश नं दुइ मे छि हम आहाँ
नैबनाउ एकरा २ नं प्रदेश
जनताके सहारास बनैछै केहु नेता

तैहन यि नेता चुनाव जितल
पहुँचैछै प्रतिनिधिए आ राष्ट्रिय सभामा
चुनु अखनो अप्पन अभिनेता

नै त भजाएत सब माइट ढेला
जनते बनैछै नेता बुझि इबात
नै त भजाएत बहुते विवाद

नौत पेहानिस नैबनु नेता
इष्टोमित्र प करु भरोसा
नै त हम अहाँ भजाएब पानीके हिलकोरा

नेताके खरचापानी प नैचलु
समयमे रोजगार करु
अप्पन शिक्षा शिपके हिसावस

समयमे विदेश धरु
चुनाव धरि मात्रे जमैछै नेताके जनता जौरे अखाडा
तेकर बाध भजाएछै बटवारा

चुनाव लगोचमे आएल सब पार्टी के भेल मेल
तैखनोनै चलल जनकपुरके पटरी प मैत्रि रेल
सब भेल राजनितिक जालझेल

तखनोनै मिलल टकलाके बेल
मधेशि जनताके भेल नरकोमे ठेलमठेल
चुनु अखनो पुरुषोत्तम नेता
नै त भजाएत सब माइट ढेला



**प्रमोद कुमार (राम)**
**जनकपुर -९**

## फेरी, गाउँ जान रहर लाग्दैन ।

मेरो गाउँ ३० वर्ष पछाडी धकेलिएको छ,
गाउँमा न फूलको बोट छ, न नमूना घरै छ,
न राम्रो स्कूल छ न मन्दिर तर रक्सी भट्ठिको विगविगी छ,
मेला र चाडबाडको कोलाहलमा चन्दा आतंक छ,
लाउडस्पीकर र डिजेको कर्कस आवाजमा
अर्द्धनग्न केटीनाच (आर्केस्ट्रा) मा युवापुस्ताको आकर्षण बढी छ,
लाग्दछ, कुनै समयको बन्द कोठी खुल्लम खुल्ला चलिरहेछ,
त्यसर्थ मलाई पुनः गाउँ जान रहर लाग्दैन ।
तर, प्रकृतीले सोधिरहन्छ गाउँतिर किन नआएको।।
विद्यार्थी, विद्वान र शिक्षा प्रेमीको कुनै ईज्जत र सम्मान छैन
उदण्डताको परकाष्ठा नाघेको छ,
धार्मिक र दैविक अन्धविश्वासले लक्ष्मण रेखा पार गरेको छ,
भत्किएको स्कूल बन्द छ, सुनसान खण्डहरमा रुपान्तरण छ
चौरमा भैसी लखेट्दै क्रिकेट खेल्नेहरु, नाँच हेर्न मस्त छ,
कच्चीबाटो कहिले धुलाम्य कहिले हिलाम्य छ
खाल्टा खुल्टी जतात्यतै भैसी हिड्न समेत नसक्ने,
नयाँ मोटरसाइकलको सर्भिसिङ डेट फेल भयो,
सडकसम्ममा निकाल्न सकिन म
त्यसर्थ मलाई पुनः गाउँ जान रहर लाग्दैन ।
तर, प्रकृतीले सोधिरहन्छ गाउँतिर किन नआएको।।
मानिस हिड्ने बाटोमा गाई-बाख्राको राज छ
ठाउँ कुठाऊ बाटोमा स्पीड स्टोपर छ
गर्भवती र विरामीको समस्या कस्ले बुझ्ने
गाउँमा वेइमानको रजगज छ,
काम कस्तो छ मतलब छैन रोस्ट र रक्सी हुनुपर्छ,
कसैलाई नमान्ने कसैलाई नसुन्ने सुम्भ निसुम्भ मौलाउदैछ,
मानव अधिकार अवमूल्यन भैरहेको 'लोकतन्त्र' गणतन्त्रमा हुर्कदै छ ।
स्थानीय तहमा सिंहको होइन स्यालहरुको रजाई छ
त्यसर्थ मलाई पुनः गाउँ जान रहर लाग्दैन ।
तर, प्रकृतीले सोधिरहन्छ गाउँतिर किन नआएको।।
राजनीतिको चरम बिकृति गाउँमै देख्न पाईन्छ
सारी बदले जस्तै दल र गुट बदल्ने कार्यकर्ता
साँझमा एउटासँग विहान अर्कासँग
दुई जिब्रे कुरा गर्ने छेपारा प्रवृती मौल्लाउदै जाँदा
नेताहरु मिल्छन् तर कार्यकर्ताहरु जहिल्यै झगडा गरिरहन्छन्
लोभी र महंगो कार्यकर्तासँग न कुनै सोच छ न चिन्तन
न सामाजिक मुद्दा र न त कुनै कार्यक्रम
त्यसर्थ; मलाई पुनः गाउँ जान रहर लाग्दैन ।
तर, प्रकृतीले सोधिरहन्छ गाउँतिर किन नआएको।।
कुलतमा रहेका युवाबाट समाज र देश रुपान्तरण हुँदैन
पब्जि र टिकटक रमाएका बच्चाहरु संस्कार र संस्कृती गुमाउँदैछन्
किताबमा हुने औलाहरु डिजिटल स्क्रिनमा कुदिरहेका छन्
बोर्डर र भर्जुअल स्पेस नियन्त्रण भन्दा बाहिर छन्
के हामिले खोजेको यस्तै हो, होइन भने---
हे महामानवहरु----
हे महान आत्माहरु--
तराई मधेसलाई दुषित राजनीतिबाट जोगाऔ
युवा र बच्चाहरुलाई कुलतबाट बचाऔं
थितिजमा अस्ताइरहेको मधेस, डुव्दैछ, विलाउँदैछ
त्यसर्थ; मलाई पुनः गाउँ जान रहर लाग्दैन ।
तर, प्रकृतीले सोधिरहन्छ गाउँतिर किन नआएको।।



**रचनाकार: दिलिप कुमार प्रधान**
**शहीदनगर न.पा. यद्धकुहा, धबौली**

# छोरालाई हिरो बनाउँदैछन् विराज भट्ट

काठमाण्डु । विराज भट्टलाई नेपाली फिल्ममा एक्सनमा नयाँ ट्रेन्ड भित्राउने नायकको रुपमा चिनिन्छ । उनको एक्सन गर्ने शैली नेपालका अन्य नायकभन्दा पृथक छ । यसकारण पनि उनले आफ्नो करिअरमा प्रायः एक्सन फिल्ममै काम गरे र दर्शकमा 'एक्सन हिरो' को छवि बनाए। एक समय एक्सन फिल्ममा उनी एकछत्र छाएका थिए । उनको अनुहार पोस्टरमा राखेकैभरमानिर्माता मालामाल हुन्थे ।




समयसँगै नेपाली फिल्मको कथा भन्ने शैली परिवर्तन हुनु र एकैखाले एक्सन फिल्मप्रति दर्शकको रुची पनि घट्न थालेपछि उनी अचानक भारतको भोजपुरी फिल्मतिर लागे । उनले करीब ८ वर्ष त आँखा चिम्लिएर भोजपुरी फिल्म मात्रै गरे । बीचमा उनले 'जय परशुराम' बाट नेपाली फिल्मबाट कमब्याक नगरेका होइनन् तर दर्शकले पत्याएनन् । यसपछि फेरि उनी भोजपुरीमै व्यस्त बने ।

भोजपुरीमा पनि डेढ सय बढी फिल्ममा अभिनय गरेपछि उनले भोजपुरी पूर्ण रुपमा छाडेर आफ्नै निर्माण र निर्देशनमा नेपाली फिल्म 'साङ्लो' बनाउने निर्णय गरे । तर, विराजको कमब्याकलाई यो फिल्मले सार्थक तुल्याएन। अर्थात्, फिल्म अपेक्षाकृत चलेन । यसपछि उनी फेरि भोजपुरीकै शरणमा पुगे । कोभिडयता उनले ३/४ वटा भोजपुरी फिल्मको छायांकन पूरा गरिसकेका छन् ।

पारिवारिक भेटघाटका लागि दशैंअघि नेपालमा रहेका विराजले निर्देशक सुदर्शन थापाको बिहे पार्टीमा सञ्चारकर्मीसँग कुराकानी गर्दै आफूले 'साङ्लो' बनाउन भोजपुरी छाडेर आएको भए पनि कोरोना महामारीपछि भोजपुरीबाट प्रस्ताव आउन थालेकाले कामलाई निरन्तरता दिएको बताएका थिए। उनी फेरि आफ्नै लगानी र निर्देशनमा नयाँ नेपाली फिल्म बनाउने योजनामा छन् ।

नेपाली फिल्म क्षेत्रमा झन्डै २ दशक विताइसकेका विराज अब आफ्नो छोरालाई फिल्ममा डेब्यू गराउने तयारीमा रहेको चर्चा छ । उनले दुई छोरामध्ये जेठो छोरालाई नेपाली फिल्मको हिरो बनाउन लागेका हुन् । यो विषयमा विराजले भने मुख खोलेका छैनन् ।

# आर्यनलाई ड्रग्सको जोगाड गर्न तयार भएकी थिइन् अनन्या



एजेन्सी । बलिउड सुपरस्टार शाहरुख खानका छोरा आर्यन खानसँग जोडिएको ड्रग्स मामलामा अब बलिउड अभिनेता चंकी पान्डेकी छोरी तथा अभिनेत्री अनन्या पान्डेको नाम पनि जोडिएको छ। उनलाई शुक्रवार फेरि नारकोटिक्स कन्ट्रोल ब्यूरोले सोधपुछ गर्दैछ । यसबीच, अनन्या र आर्यनबीच भएको च्याटको खुलासा भएको छ, जसमा उनीहरुले ड्रग्सको विषयमा कुराकानी गरेका छन् ।

इन्डिया टुडेको अनुसार, च्याटमा अनन्याले आर्यनलाई ड्रग्सको जोगाड लगाउने कुरा गरेकी छन् । बिहीवार भएको सोधपुछको क्रममा एनसीबीका अधिकारीले अनन्यालाई उनको च्याट देखाएका थिए, जसमा उनले आर्यन खानसँग कुराकानी गरेकी थिइन् ।

उक्त च्याटमा आर्यनले अनन्यासँग ड्रग्सको जोगाड लगाउन भनेका छन् । जबाफमा अनन्याले 'हुन्छ मिलाउँछु' भनेकी थिइन् । तर, अनन्याले आर्यनका लागि ड्रग्स उपलब्ध गराएको प्रमाण भने नभेटिएको इन्डिया टुडेले उल्लेख गरेको छ । यस विषयमा एनसीबीले सोधपुछ गर्दा अनन्याले आर्यनसँग आफूले मजाक गरेको बताएकी थिइन् । तर, एनसीबीको यो दाबी छ कि अनन्या र आर्यन च्याटमा ड्रग्सको कुरा गर्ने गर्थे । सोधपुछको क्रममा अनन्याले आफूले कुनै पनि प्रकारको ड्रग्स नलिएको बताएकी थिइन् ।

बिहीवार एनसीबीको टिमले अनन्या पान्डेको घरमा छापा मारेको थियो । यसपछि उनलाई एनसीबीले सोधपुछका लागि बोलाएको थियो। उनी पिता चंकी पान्डेको साथमा एनसीबीको कार्यालय पुगेकी थिइन्, जहाँ उनीसँग एनसीबीका अधिकारीले करीब चार घन्टासम्म ड्रग्स मामलामा सोधपुछ गरेका थिए।

# युनाको फिल्ममा फर्किने इच्छा

काठमाण्डु । डेढ दशक अगाडिको सुपरहिट फिल्म 'पर्खि बसैं' बाट अभिनेत्रीको रुपमा सानदार डेब्यू गरेकी युना उप्रेती त्यसपछि करीब ७ वर्षसम्म अभिनयमै सक्रिय रहिन् । पहिलो फिल्मको सफलतापछि उनलाई फिल्मको कमी नै भएन। यो बीचमा उनले 'हिम्मत २, चन्द्रावती, सम्झिदिए पुग्छ, दिलमा सजाएँ तिमीलाई, फ्ल्यासब्याक, लावारिस' लगायतका फिल्ममा आफ्नो अभिनय देखाइन् ।



तर, 'पर्खि बसैं' र 'हिम्मत २' पछिका फिल्मले उनलाई सफलताको सुख दिन सकेन । जसले गर्दा उनी आफ्नो प्रोफेसन बदल्ने निर्णयमा पुगिन् र २०१४ ताका एक कार्यक्रममा सहभागी हुनका लागि अमेरिका उडिन् । यसको केही समयमा उनले अमेरिकामै बसोबास गर्ने विकास अधिकारीसँग लगनगाँठो कसिन् । त्यसबेलादेखि उनले आफ्नो फिल्मी करिअरको किताब खोलेकी छैनन् ।

२०१८ मा छोरी (साइरा) लाई जन्म दिएकी युना लामो समयको अन्तरालपछि दशैं मनाउने गरी नेपाल आएकी छन् । उनी आउँदो डिसेम्बरसम्म नेपालमै बस्ने योजनामा छिन् । नेपाल बसाईको क्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले फिल्ममा फर्किने इच्छा व्यक्त गरेकी छन् । आफू डिसेम्बरसम्म नेपाल बस्ने र यो बीचमा फिल्मबाट प्रस्ताव आएको अवस्थामा काम गर्ने उनको भनाई छ ।

उनले एक अन्तर्वार्तामा 'पर्खी बसैं' मा आफू जोडिनुको किस्सा पनि सुनाएकी छन् । उनले भनेकी छन्, 'खासमा मैले फिल्म 'कुशुमे रुमाल २' का लागि भनेर आफ्नो फोटोसहितको डकुमेन्ट बुझाएको थिएँ । तर, त्यो फिल्म तत्काल नबन्ने भएपछि मेरो डकुमेन्ट्री गोपीकृष्ण मुभिजले बनाउने अर्को फिल्म (पर्खि बसैं) का लागि पुग्यो । यो फिल्ममा म अडिसनबाट पास भएर भित्रिएको थिएँ ।'

गोपीकृष्ण मुभिजले डेढ दशकपछि 'पर्खि बसैं' को नाम सापटी लिँदै सिक्वेल निर्माण गर्दैछ । फिल्मको अफर पल शाहदेखि मलिका महतसम्मलाई पुगेको छ । यतिबेला युना पनि लामो छुट्टी लिएर अमेरिकाबाट नेपाल आएकी छन् । यो फिल्मबाट अफर आएको खण्डमा र भूमिका मन परे आफू गेस्ट अपिरियन्स (अतिथी भूमिका) का लागि पनि तयार रहेको उनले बताएकी छन् ।

धेरै कमलाई थाहा हुनसक्छ युना गायिका पनि हुन् । उनले आफू अभिनीत फिल्म 'हिम्मत २' को 'म तिमीलाई माया गर्छु' गीतमा आवाज दिएकी छन् । तर, अमेरिका बस्न थालेपछि उनले अभिनयसँगै गायनलाई निरन्तरता दिन सकेकी छैनन् । केही समयदेखि उनको नयाँ गीत रेकर्ड गर्ने विषयमा कुराकानी भइरहेको छ । उनी आफ्नो आवाजमा चाँडै नयाँ गीत रेकर्ड हुनेमा विश्वस्त छिन् ।

# महेश बाबू र नम्रता शिरोडकरको रोचक प्रेमकथा

एजेन्सी । साउथ सुपरस्टार महेश बाबू र उनकी श्रीमती नम्रता शिरोडकरको प्रेमकथा कुनै फिल्मको कथाभन्दा कम रोचक छैन । २००५ फेब्रअरी १० मा उनीहरुले सँगै बाँच्ने सँगै मर्ने कसम खाएका थिए । अर्थात् विवाह बन्धनमा बाँधिएका थिए । उनीहरु साउथ इन्डस्ट्रीको 'आदर्श' जोडी हुन् । उनीहरुको लभस्टोरी निकै रोचक छ । पहिलो भेटमा नै नम्रताको प्रेममा डुबेका थिए, महेश बाबू ।


बलिउड डेब्यूपछि जब नम्रता शिरोडकरले साउथ फिल्म इन्डस्ट्रीमा पाइला अगाडि बढाइन् तब उनले पहिलो फिल्म नै महेश बाबूको साथमा साइन गरेकी थिइन् । त्यो फिल्म थियो, 'वामसी' । यही फिल्मको मुहूर्त समारोहमा उनीहरुबीच पहिलो पटक भेटघाट र चिनजान भएको थियो । नम्रताले सन् १९९९ मा रिलिज भएको फिल्म 'कच्चे धागे' बाट बलिउडमा डेब्यू गरेकी थिइन् ।

पूर्व मिस इन्डिया यूनिवर्स रहेकी नम्रता शिरोडकर श्रीमान् महेश बाबूभन्दा ४ वर्ष जेठी छन् । तर, उनीहरुको प्रेममा कहिल्यै उमेर बाधा बनेन । महेश बाबूले नम्रतासँगको आफ्नो प्रेम सबैभन्दा पहिला दिदीलाई भनेका थिए । यसपछि नै उनीहरुको विवाहको तयारी सुरु भएको थियो ।

# सलोन र रुविनालाई लिएर अर्को फिल्म बनाउँदै शोभित

काठमाण्डु । शोभित बस्नेत निर्देशित मल्टीस्टारर फिल्म 'डाँडाको बर पीपल' यतिबेला सिनेमा घरमा दोस्रो हप्तामा प्रदर्शनरत छ । तर, फिल्मले दर्शकको गतिलो साथ पाउन सकेको छैन । जिब्रो नचपाइ भन्ने हो भने फिल्म पत्तासाफ भइसकेको छ । तर, फिल्म नचलेकोमा निर्मातालाई कुनै चिन्ता छैन । किनकि, यो फिल्म सिनेमा हलका लागि नभइ डिजिटल प्लेटफर्ममा रिलिज गर्न बनाइएको थियो ।

दशैंमा फिल्म रिलिज गर्न कोही निर्माता तयार नहुनु र चलचित्र विकास बोर्डले तत्काल रिलिज हुने फिल्मलाई राहत दिने घोषणा गरेपछि 'डाँडाको बरपीपल' लाई हलमा रिलिज गर्ने निर्णय गरिएको थियो । यो फिल्मलाई हलमा रिलिज गर्न निर्माताको एक रुपैयाँ पनि खर्च भएको छैन । बरु, उल्टै केही लाख फाइदा भएको छ । यही तिहारमा फिल्मलाई डिजिटल प्लेटफर्ममा रिलिज गरिनेछ ।



फिल्म रिलिजको समयमा शोभितले 'महानायक' विवाद झिकेपछि बुढासुब्बा डिजिटलका सञ्चालक तथा फिल्मका निर्माता नवराज गिरी उनीसँग रुष्ट थिए। अब उनीहरुबीच कहिल्यै सहकार्य नहुने चर्चा नचलेको पनि होइन । तर, उनै शोभितलाई निर्देशकमा लिएर बुढासुब्बाले अर्को फिल्म बनाउने भएको छ । तिहारपछि छायांकनमा जाने फिल्मको अहिले स्क्रिप्टमा काम भइरहेको छ।

निर्देशक बस्नेत नयाँ फिल्ममा पनि सलोन बस्नेत र रुविना थापालाई नै दोहोऱ्याउने सोचमा छन् । उनले भने, 'कलाकार फाइनल भइसकेका छैनन् तर अहिलेसम्म मेरो दिमागमा सलोन र रुविनाको अनुहार आएको छ । गौरी मल्ल र राजिवजंग बस्नेतको पनि अभिनय रहन सक्छ । केही दिनमा फिल्मको नामसँगै कलाकारको पनि टुंगो लगाउने छौं ।' फिल्म प्रेमकथामा आधारित हुनेछ ।

सलोन र रुविनाले 'डाँडाको बर पीपल' मा प्रेम जोडी भएर काम गरेका थिए । यो फिल्ममा रुविनाको कामबाट प्रभावित भएर शोभितले नयाँ फिल्ममा पनि उनलाई लिने सोच बनाएका हुन् । फिल्मको कथा नवराज गिरीले लेखेका हुन् भने त्यसलाई पटकथा र संवादमा ढाल्ने काम रामकाजी घिमिरेले गरिरहेका छन् । 'डाँडाको बरपीपल' कै छायाँकार सुशन प्रजापतिले फिल्म खिच्नेछन् ।

# बाढीपहिरा पीडितका लागि सरकारले राहत प्याकेज ल्याउँछः प्रधानमन्त्री देउवा

महेन्द्रनगर । प्रधानमन्त्री शेरबहादुर देउवाले बाढीपहिरा पीडितका लागि सरकारले राहत प्याकेज ल्याउने बताउनुभएको छ ।

शुक्रबार कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ स्थित महाकाली नदीले गरेको कटान क्षेत्रको स्थलगत निरीक्षणपछि आयोजित कार्यक्रममा उहाँले बेमौसमी बाढीबाट मुलुकभर भएको क्षतिको विवरण सङ्कलन गरेर पीडितलाई राहत र पुनःनिर्माणमा जुट्ने बताउनुभएको हो ।

"सुदूरपश्चिमका पहाडी जिल्लामा पनि बाढीपहिराले ठूलो क्षति पुऱ्याएको छ", प्रधानमन्त्री देउवाले भन्नुभयो, "सिमित स्रोतसाधनका बाबजुत पनि पीडितलाई राहत दिन्छौँ ।" मन्त्रिपरिषद्को निर्णयबाट केही दिनअघि राहत व्यवस्था गरिएको उल्लेख गर्दै उहाँले बाढीका कारण पूर्वाञ्चललगायत देशभरका विभिन्न स्थानमा क्षति पुगेको बताउनुभयो ।



प्रधानमन्त्री देउवाले कञ्चनपुरको महाकाली तटीय क्षेत्र र दोधारा-चाँदनीमा विगतमा पनि नदी कटानको समस्या रहेको चर्चागर्दै कैलाली कञ्चनपुरमा धानबालीमा ठूलो क्षति पुगेको बताउनुभयो । निरीक्षणपछि प्रधानमन्त्री देउवालाई जिल्ला सुरक्षा समितिले बाढीको क्षति र वस्तुस्थितिका बारेमा जानकारीसमेत गराएको छ ।

सुदूरपश्चिमको बाढीपहिराको क्षति र पीडितको अवस्था बुझ्न बिहीबार यहाँ आउनुभएका प्रधानमन्त्री देउवाले डोटी, बझाङ, बैतडी र डडेल्धुरामा निरीक्षण गर्नुभएको थियो । उहाँले शुक्रवार कैलालीमा पनि बाढीग्रस्त क्षेत्रको निरीक्षण गर्ने कार्यक्रम रहेको बताइएको छ ।

**'बाढीपहिरा पीडितका लागि तत्कालीन र दीर्घकालीन योजना बनाएर अघि बढ्छौँ'**

सुदूरपश्चिम । प्रधानमन्त्री देउवाले बाढीपहिरा, डुबानजस्ता प्राकृतिक विपत्तिबाट पीडित नागरिकलाई राहत दिन तत्कालीन र दीर्घकालीन योजना बनाएर सरकार अघि बढ्ने बताउनुभएको छ ।

बेमौसमी वर्षासँगै आएको बाढीपहिरा, डुबान र नदी कटानले पुऱ्याएको मानवीय तथा भौतिक क्षतिको बिहीबार सुदूरपश्चिम प्रदेशमा स्थलगत निरीक्षण अवलोकन गर्नुभएका उहाँले आज धनगढीमा आयोजित पत्रकार सम्मेलनमा विपत्तिबाट पीडितलाई राहत उपलब्ध गराइने र क्षति न्यूनीकरणका लागि तत्कालीन तथा दीर्घकालीन समाधानका उपाय खोजिने बताउनुभएको हो ।

"बेमौसमी वर्षासँगै उत्पन्न विपत्तिले देशभर नै क्षति पुऱ्याएको छ", उहाँले भन्नुभयो, " यो वर्षाले सुदूरपश्चिम प्रदेशमा ठूलो क्षति भएको छ, धानबालीमा समेत क्षति पुगेको छ ।" प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद्को आकस्मिक बैठकले बाढीपहिरा, डुबानको समस्याबाट पीडित नागरिकलाई राहत दिने निर्णय गरिसकेको उल्लेख गर्दै यस विषयमा काठमाडौँ फर्केपछि पुनः छलफल गरिने बताउनुभयो ।

एक प्रश्नको जवाफमा उहाँले कोरोनाविरुद्धको खोप लगाउनमा नेपालले पाएको सफलतालाई विश्व स्वास्थ्य सङ्गठनले धन्यवाद दिएको उल्लेख गर्दै नेपालमा कोरोना रोकथाम हुँदै जाँदा बेलायतलगायत अन्य देशले 'भिसा' खुला गरेको बताउनुभयो । अर्को एक प्रश्नको जवाफमा प्रधानमन्त्री देउवाले अमेरिकी अनुदान सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) नेपालको कानूनभन्दा माथि नरहेको तर यसबारे झुठा प्रचार गरिएको बताउनुभयो ।

पार्टीको महाधिवेशनका सन्दर्भमा सोधिएको प्रश्नमा नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले भन्नुभयो, "पार्टीको महाधिवेशन प्रक्रिया सुरु भइसकेको छ, निर्वाचन समितिले निष्पक्ष भएर चुनाव गराउने भएकाले यो काममा पार्टी सभापतिको भूमिका हुँदैन ।" उहाँ वर्षासँगै उत्पन्न बाढीपहिरो, डुबान, नदी कटानबाट डोटी, बझाङ, बैतडी, डडेलधुरा र कञ्चनपुर जिल्लामा भएको क्षतिको बिहीबार स्थलगत निरीक्षण अवलोकन गरेर आज काठमाडौँ फर्किनुभएको छ ।

प्रधानमन्त्री देउवासँगै अर्थमन्त्री जनार्दन शर्मा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, पूर्वमन्त्रीहरू एनपी साउद, रमेश लेखक, वीरबहादुर बलायर सहभागी हुनुहुन्थ्यो । यही असोज ३१ गतेदेखि तीन दिनसम्म परेको अविरल वर्षाका कारण आएको बाढीपहिरा र डुबानका कारण सुदूरपश्चिम प्रदेशमा आजसम्म ३१ को मृत्यु भइसकेको छ भने २३ जना बेपत्ता भएका छन् । १७ घरमा पूर्ण क्षति पुगेको छ । तराई क्षेत्रका कैलाली र कञ्चनपुर जिल्लामा भएको डुबानले हजारौँ परिवार विस्थापित भएका छन् भने ठूलो क्षेत्रफलको जग्गामा रोपिएको बर्खे धानबाली नष्ट भएको छ ।

**प्रधानमन्त्री र प्रदेश सरकारका मन्त्रीबीच छलफल**

सुदूरपश्चिम । प्रधानमन्त्री शेरबहादुर देउवासँग सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रीले वर्षापछिको प्राकृतिक विपद्बाट उत्पन्न परिस्थितिका बारेमा धनगढीमा छलफल गर्नुभएको छ ।

बिहीबार साँझ भएको छलफलका क्रममा बाढी, पहिरो डुबान प्रभावित जिल्ला तथा गाउँपालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरी पुनःनिर्माण लगायतको कामका लागि राहतका प्याकेज ल्याउन सुझाव दिनुभएको आन्तरिक मामिला तथा कानूनमन्त्री पूर्णा जोशीले राससलाई जानकारी दिनुभयो । प्रधानमन्त्रीसमक्ष कृषिलगायतका क्षेत्रमा समेत पुगेको क्षतिबाट प्रभावित जनतालाई सम्बोधन गर्न 'बास्केट फन्ड' स्थापना गरी तीन तहकै सरकारले सँगसँगै काम गर्नुपर्ने प्रस्ताव पनि प्रदेशका मन्त्रीले राख्नुभएको छ ।

"प्रदेशका विभिन्न जिल्लामा उत्पन्न विपद्ले निम्त्याएको अवस्थाका बारेमा प्रधानमन्त्रीलाई जानकारी गराएका छौँ", प्रदेश सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री जोशीले भन्नुभयो, "विपद्लाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ भन्ने सुझाव पनि दिएका छौँ ।"

सो अवसरमा प्रधानमन्त्री देउवाले आफू काठमाडौँ फर्किएपछि विपद्ले उत्पन्न गराएको समस्या समाधानका बारेमा योजना बनाएर अघि बढ्ने प्रतिबद्धता जनाउनुभएको मन्त्री जोशीले बताउनुभयो ।

प्रधानमन्त्रीसँग आजै प्रदेश सरकारका प्रमुख सचिव मधुसुदन बुर्लाकोटीले भेट गरी वर्षापछि पहिराले अवरुद्ध बनेको सडक सञ्चालन गर्न सुझाव दिनुभएको छ ।

प्रमुख सचिव बुर्लाकोटीले भन्नुभयो, "आफूले प्रधानमन्त्रीसँग प्रदेशका पहाडी जिल्लामा हवाइसेवा उपलब्ध गराउन धनगढी विमानस्थलमा नेपाल वायुसेवा निगमको एक छट्टै जहाजको व्यवस्था गर्नुपर्ने पनि सुझाव दिएको छु ।"

प्रधानमन्त्रीले वर्षासँगै उत्पन्न बाढी, पहिरो, डुबानबाट डोटी, बझाङ, बैतडी, डडेलधुरा कञ्चपुर र कैलाली जिल्लामा भएको क्षतिको स्थलगत निरीक्षण अवलोकन गरेर आज काठमाडौँ फर्किनुभएको छ ।

प्रधानमन्त्री नेतृत्वको टोलीमा अर्थमन्त्री जनार्दन ती, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, पूर्वमन्त्री एनपी साउँद, रमेश लेखक, वीरबहादुर बलायर सहभागी हुनुहुन्थ्यो । यही असोज ३१ गतेदेखि तीन दिनसम्म भएको अविरल वर्षाका कारण भएको बाढी, पहिरो डुबानको समस्याका कारण प्रदेशमा आज बिहानसम्म ३३ जनाको मृत्यु भएको छ । बाइस जना बेपत्ता छन् । १७ घरमा पूर्ण क्षति पुगेको छ । तराई क्षेत्रका कैलाली र कञ्चनपुर जिल्लामा भएको डुबानले हजारौँ परिवार विस्थापित भएका छन् भने ठूलो क्षेत्रफलका जग्गामा गरिएको धानबाली नष्ट भएको छ ।

**बाढी र डुबानको दीर्घकालीन समाधान हुन्छ : प्रम देउवा**

भजनी । प्रधानमन्त्री देउवाले बाढी र डुबानको समस्यालाई दीर्घकालीनरूपमा समाधान हुनेगरी पहल गरिने बताउनुभएको छ । शुक्रबार कैलालीको टीकापुर नगरपालिका-८ वनगाउँ क्षेत्रमा बाढीका कारण भएको क्षतिको निरीक्षणका क्रममा प्रधानमन्त्री देउवाले बाढी र डुबानको समस्या दीर्घकालीनरूपमा समाधान हुनेगरी योजना बनाएर काम गरिने बताउनुभएको हो ।

"अहिले बाढी, पहिरो र डुबानका कारण ठूलो क्षति भएको छ । यो विपत्तिका समयमा तत्काल राहत, उद्धार र नागरिकलाई सहानुभूति आवश्यक छ । त्यसमा सरकार लागिसकेको छ", प्रधानमन्त्री देउवाले भन्नुभयो, "त्यसपश्चात् दीर्घकालीनरूपमा राहतका लागि सरकारले योजना बनाएर अगाडि बढ्छ ।" उहाँले बर्सेनि कैलालीमा बाढी र डुबानको समस्या झेल्दै आएका नागरिकलाई दीर्घकालीनरूपमा व्यवस्थापन हुनेगरी सरकारले योजना बनाउने बताउँदै बाढी र डुबानका कारण किसानले ठूलो क्षति व्यहोर्नुपरेका अवस्थामा उहाँहरूका लागि दीर्घकालीन राहत प्याकेजको सरकारले व्यवस्थापन गर्ने स्पष्ट गर्नुभयो ।

साथै प्रधानमन्त्री देउवाले विपत्तिका कारण भएको धनजनको क्षतिलाई प्रत्यक्षरूपमा निरीक्षण गरिएको बताउँदै प्रभावित क्षेत्रको वस्तु स्थितिलाई नजिकबाट नियालेका कारण पनि अहिलेको समस्यालाई समाधानका लागि सरकारले तत्काल योजना बनाएर अगाडि बढ्ने आस्वासन दिनुभयो ।

शुक्रवार प्रधानमन्त्री देउवा, अर्थमन्त्री जनार्दन शर्मा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आले लगायतको टोलिले कैलालीको कैलारी गाउँपालिका, भजनी नगरपालिका, टीकापुर नगरपालिका र जानकी गाउँपालिकाका बाढी ग्रस्त क्षेत्रको निरीक्षण गर्नुभएको हो ।

कैलालीमा बाढीका कारण सबैभन्दा बढी प्रभावित भएको टीकापुर नगरपालिका र जानकी गाउँपालिकामा हजारौँ परिवार विस्थापित भएका छन् भने सयौँ बिघा क्षेत्रफलमा लगाइएको अन्न तथा तरकारी बाली पूर्णरूपमा नष्ट भएको छ ।रासस

# दशौँ महाधिवेशन चितवनमा गर्ने निर्णयको स्वागत

चितवन । नेकपा एमालेको १० औँ महाधिवेशन चितवनमा गर्ने स्थायी कमिटीको निर्णयको जिल्ला कमिटीले स्वागत गरेको छ ।

शुक्रवार यहाँ आयोजित पत्रकार सम्मेलनमा पार्टीका जिल्ला अध्यक्ष दिलकुमारी रावल थापा (पार्वती)ले केन्द्रको उक्त निर्णयको स्वागत गर्दै जिल्लावासीका लागि यो गौरवको विषय भएको बताउनुभयो । उहाँले महाधिवेशनलाई भव्य र सभ्यरूपमा सम्पन्न गर्न पूर्णरूपमा जुट्ने र जिल्लाको कुन ठाउँमा कसरी गर्ने भन्नेबारेमा छिट्टै जानकारी दिइने बताउनुभयो ।

पार्टीका वाग्मती प्रदेश अध्यक्ष आनन्द पोखेलले विधान अधिवेशनमा सहभागी प्रतिनिधिको ५० प्रतिशत महाधिवेशनमा सहभागी हुने,उद्घाटन सत्रमा पाँच नेता कार्यकर्ता सहभागी हुने अनुमान गरिएको जाकारी दिँदै महाधिवेशनले राष्ट्रियता, स्वाधीनता, संविधान र लोकतन्त्रको रक्षाका लागि पहल गर्ने बताउनुभयो । सोही प्रदेशका सहइञ्चार्ज काशीनाथ अधिकारीले प्रदेश कमिटीको आग्रहलाई स्थायी कमिटीले स्वीकार गरेकाले यहाँ महाधिवेशन तय भएको बताउँदै राजनीतिमा हरेक दृष्टिकोणले एमाले मुख्य पार्टी रहेको जिकिर गर्नुभयो ।

उक्त पार्टीको बिहीबार काठमाडौँमा सम्पन्न स्थायी कमिटी बैठकले महाधिवेशन चितवनमा गर्ने निर्णय गरेको थियो ।रासस

# साहित्य समाजको दर्पण हो : मन्त्री कार्की



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले साहित्य समाजको दर्पण भएकाले संसारलाई जोड्न यसले पुलकोरुपमा काम गरिरहेको बताउनुभएको छ ।

पत्रकार एवम् साहित्यकार वियोगी बुढाथोकीको नियात्रा सङ्ग्रह ँशनैः शनैः यात्रामा'को लोकार्पण समारोहमा उहाँले उत्कृष्ट साहित्य सिर्जनामा सबै स्रष्टालाई जोड्न मन्त्रालयले कडीकारुपमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मन्त्री कार्कीले भन्नुभयो, ँसहित्य विधा राजनीति भन्दा नितान्त भिन्न छ, साहित्यलगायत समाजका हरेक विधा र क्षेत्रमा रहेका चुनौतिलाई अवसरका रुपमा रुपान्तरणका लागि सबैबाट योगदान होस् ।'

उहाँले निष्ठावान र कर्मयोगी बुढाथोकी जस्ता व्यक्तिबाट मात्रै मुलुक अटल समृद्धिमा जानेमात्र नभई समाजमा देखिएका विभेद अन्त्य हुने बताउनुभयो । पत्रकार वियोगीको बाल्यकाल, जन्मोथलो, पर्यावरण संरक्षण र स्वदेश तथा विदेश भ्रमणमा देखेका एवम् भोगेका विषयवस्तु समेटिएको उक्त कृतिमा २१ वटा लेख समेटिएको छ ।

यात्रामा भोग्नु परेका पीडा, तीता मिठा घटना र पात्र प्रवृत्तिलाई निकै कुशलतापूर्वक प्रस्तुत गरिएको उक्त कृतिमा नेपालका विभिन्न भाग र वर्गासम्मका विषयबस्तु समेटिएको छ । सो अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति विष्णुविभु घिमिरेले पछिल्ला समय साहित्य र संस्कृति विधामा पनि राजनीतिक चलखेलले विकृत तुल्याएको प्रतिक्रिया दिनुभयो ।

प्राडा कुमारप्रसाद कोइरालाले मौलिकता र बौद्धिकतामा विश्वास गरी वर्ग विशेषलाई मात्र लक्षित नगरी मानवता र समग्र विश्वहितका लागि लेखिने साहित्यलाई मात्र प्रजातन्त्रवादी साहित्यकारुपमा ग्रहण गर्न सकिने धारणा व्यक्त गर्नुभयो । पुस्तकका समालोचकद्वय अनुपमा रेग्मी र सविता विमलीले कृति नियात्रालाई चिनाउने मानककारुपमा रहने विश्वास व्यक्त गर्नुभयो । अर्का समालोचक राजकुमार बाँनियाले लोकतन्त्र र पारदर्शीमा विश्वास राख्ने स्रष्टा वियोगीका कृतिमा समेटिएका विषयगत शीर्षकले नै सिर्जना ओजपूर्ण रहेको पुष्टि गर्छ भन्नुभयो । सो अवसरमा प्रजातन्त्रवादी लेखक अङ्क 'शिवपुरी सन्देश' पनि विमोचन गरियो । उक्त पत्रिकामा ४२ जना स्रष्टासम्बन्धी जानकारीमूलक लेख समेटिएको छ ।

यसअघि बुढाथोकीका दुई नियात्रासहित १५ कृति प्रकाशित भइसकेको सो अवसरमा जानकारी दिइयो । लेखक बुढाथोकीले आफूले सञ्चालनमा ल्याएको शिवपुरी सन्देश पत्रिकालाई निरन्तरता दिँदै जीवन्त तुल्याउने अभियानमा सहयोग पुऱ्याउन सबैसँग आग्रह गर्नुभयो ।रासस

# चार देशका राजदूतद्वारा ओहोदाको प्रमाणपत्र प्रस्तुत

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नेपालका लागि ब्राजिल, इटाली, माल्टा



र दक्षिणअफ्रिकाका नवनियुक्त राजदूतले आ-आफ्नो ओहोदाको प्रमाणपत्र पेस गर्नुभएको छ ।

राष्ट्रपति भवन, शीतल निवासमा शुक्रवार अपराह्न आयोजित विशेष समारोहमानेपालकालागिब्राजिलका आवासीय राजदूत कार्लोस अल्वेर्टो माइकल्सेन डेन हार्टोगसहित इटाली, माल्टा र दक्षिणअफ्रिकाका गैरआवासीय राजदूतहरू क्रमशः भिन्चेञ्जो डि लुक्का, रुबिन गाउची र जोएल सिबुसिसो एन्डेबेलेले आ-आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएका हो ।

त्यस अवसरमा परराष्ट्रमन्त्री डा नारायण खड्का, प्रधानसेनापति प्रभुराम शर्मा, राष्ट्रपतिको कार्यालय र परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूको उपस्थिति थियो ।रासस

# विश्वासको मतको प्रस्ताव पेश




विराटनगर । प्रदेश नं १ प्रदेशसभाको शुक्रवार बसेको बैठकमा मुख्यमन्त्री भीमप्रसाद आचार्यले विश्वासको मतका लागि सभामा प्रस्ताव पेश गर्नुभयो । नेपालको संविधानको धारा १८८ को उपधारा(२) तथा प्रदेश नं १ कोप्रदेशसभा नियमावली, २०७४ को नियम १२८ को उपनियम(४) बमोजिम सदनमा सो प्रस्ताव पेश भएको हो ।

मुख्यमन्त्री आचार्यले प्रस्ताव पेश गर्नुअघि केही दिनअघि अविरल वर्षाका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभयो । उहाँले अविरल वर्षाकै कारण प्रदेशमा ७० जनाले ज्यान गुमाएका, १८ जना घाइते र १२ जना बेपत्ता, ४० वटा घर बगाएको र एक हजार ८२५ घरमा आंशिक क्षति भएको जानकारी गराउनुभयो ।

उहाँले अविरल वर्षाकै कारण प्रदेशमा १० हेक्टर जमिनमा लगाइएको धानबाली पूर्णरूपमा क्षति भएको र लगभग ५० हजार हेक्टर जग्गाको धानबालीमा आंशिक क्षति भएको तथा अन्य क्षतिको विवरण आउन बाँकी रहेको जनाउँदै मृतकका प्रति परिवारलाई रु एक लाख, पूर्ण क्षति भएको घरलाई रु तीन लाख, आंशिक क्षति भएको परिवारलाई रु ३५ हजार र सामान्य क्षति भएका परिवारलाई रु १५ हजार राहतस्वरुप प्रदेश सरकारले प्रदान गर्ने जानकारी दिनुभयो । मुख्यमन्त्री आचार्यले धानबालीमा भएको क्षतिप्रति प्रदेश सरकारले कृषकको क्षतिमा २५ प्रतिशत राहत प्रदान गर्ने बताउनुभयो । प्रदेशसभाको अर्को बैठक कात्तिक ७ गते मध्याह्न १२ः३० बजे बस्ने र विश्वासको मत विभाजनबाट हुने सभामुख प्रदीपकुमार भण्डारीले जानकारी दिनुभयो ।रासस

# अनुभूति हुने गरी काम गर्न मुख्यमन्त्री पोखरेलको निर्देशन

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नागरिकले अनुभूति गर्ने गरी काम गर्न निर्देशन दिनुभएको छ । प्रदेशका भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयको अनुगमनका क्रममा उहाँले जनअपेक्षालाई आत्मसात् गर्दै सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने गरी खट्न निर्देशन दिनुभएको हो ।



आफ्नो नेतृत्वमा सरकार गठनभएसँगै मन्त्रालय थप हुँदा पूर्वाधार विकास तथा जनशक्ति व्यवस्थापनमा देखिएका समस्याबारे जानकारी लिन र समाधानको बाटो पहिल्याउनका लागि अनुगमनमा पुग्नुभएका मुख्यमन्त्री पोखरेलले प्रथम चौमासिकको हालसम्मको मन्त्रालयगत प्रगतिबारे जानकारी लिनाका साथै उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरी उपलब्धि हासिल गर्नुपर्नेमा जोड दिनुभयो ।

गण्डकीमा सुरुमा सातवटा मन्त्रालय र पछि युवा तथा खेलकुद मन्त्रालय थप गरेर आठवटा बनाइएकामा हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ११ मन्त्रालय छन् । दसैँ अगाडि बिना विभागीय मन्त्रीमा नियुक्त डोबाटे विश्वकर्माले मुख्यमन्त्री कार्यालयमै पदबहाली गर्नुभएको छ । साढे तीन वर्ष अगाडि अस्तित्वमा आएको प्रदेश सरकारले जिल्लास्तरमा समेत आफ्ना संरचना विस्तार गर्दै गएको छ ।

नयाँ स्थापना भएका मन्त्रालयका लागि भवनको अभावमा साँघुरो गरी सञ्चालनमा आएका छन् । सकेसम्म सरकारी भवन नै खोज्ने नभए भाडामा भए पनि सञ्चालन गरी व्यवस्थापन गरिने मुख्यमन्त्री पोखरेलले बताउनुभयो । त्यस अवसरमा भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्का, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधु अधिकारी गुरुङ र वन, वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापा एवं मन्त्रालयका अधिकारीले भइरहेका काम कारबाही तथा भोग्नुपरेका समस्यालगायतमा मुख्यमन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो । रासस



सप्तरीको सुरुङ्गा नगरपालिका-६ स्थित हरिपुरमा थ्रेसरबाट धान दाउनी गर्दै । *तस्वीर : रासस*

# पदयात्रा पर्यटनमा उत्साह, लगातारको झरीले बुकिङ सार्दै पर्यटक

गण्डकी । पोखरामा क्रियाशील पत्रकार श्याम राना दसैंलगत्तै अन्नपूर्ण अधार शिविरसम्मको पदयात्राका लागि निस्कनुभयो । उहाँसँगै काठमाडौंबाट आउनुभएका अन्य दुई सञ्चारकर्मी पनि हुनुहुन्थ्यो ।

कोरोनाका कारण झण्डै दुई वर्षयता ठप्प जस्तै बनेको अन्नपूर्ण आधार शिविर(एविसी) क्षेत्रको पदयात्राका लागि देशका विभिन्न स्थानबाट आएका आन्तरिक पर्यटकमा पदयात्राप्रति देखिएको आकर्षण तथा उत्साहले उहाँ यतिखेर दङ्ग हुनुहुन्छ । अन्नपूर्ण आधार शिविरसम्म पुग्दा र फर्कंदा बाटोमा लस्करै देखिएका पदयात्रीको चापले सो क्षेत्रका पर्यटन व्यवसायीलाई आफूले निकै उत्साहित पाएको उहाँले बताउनुभयो ।

"कोरोनाका कारण लामो समयसम्म घरबाट निस्कन नपाएका पर्यटक यतिखेर खुसीका साथ अन्नपूर्ण आधार शिविर क्षेत्रमा पदयात्रा गरिरहेका छन्", उहाँले भन्नुभयो, "पदयात्रा गर्न पाउँदा पर्यटक हर्षित त छन् नै पर्यटकलाई स्वागत गर्न पाउँदा पदयात्रामार्गका व्यवसायीको खुसी अझै चुलिएको छ ।"

लामो समयदेखि प्रभावित पदयात्रा पर्यटनले गति लिएसँगै सो क्षेत्रका व्यवसायीलाई पर्यटकलाई न्यानो आतिथ्यतासँगै खानपान र बसोबासको व्यवस्था गर्न भ्याइनभ्याइ छ । कोभिड-१९ को महामारीका कारण दुई वर्षयता सुनसान बनेका अन्नपूर्ण संरक्षण क्षेत्रका पदमार्ग दसैंको आगमनसँगै आन्तरिक पर्यटकले भरिभराउ भए । कोरोनाले बन्द यस क्षेत्रको पदयात्रा आगामी असोज पहिलो साताबाट खुलेको हो । विश्वकै उत्कृष्ट १० मध्येको उक्त पदमार्गमा पर्ने सो आधार शिविर क्षेत्रमा स्वास्थ्य मापदण्ड बनाएर पदयात्रा खोलिएको छोम्रोङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङले बताउनुभयो ।

नजिकैबाट हिमाल नियाल्दै पदयात्रा गर्न पाउनु यस पदमार्गको विशिष्टता रहेको र यस क्षेत्रको पदयात्रामा आउनेका लागि अधिकतम सेवासुविधा उपलब्ध गराउनेतर्फ यहाँका व्यवसायी क्रियाशील रहेको युवा पर्यटन व्यवसायी एवं अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सवका संयोजक ललित गुरुङले जानकारी दिनुभयो ।

यस पदमार्ग क्षेत्रका २६ होटलले पर्यटकलाई सेवा दिइरहेकामा अन्य १० होटेल थप्ने भनिए पनि कोरोनाका कारण त्यो सम्भव हुन सकेको थिएन । चार दशकअघि उक्त आधार शिविर जाने पर्यटक त्यहाँका भैंडीगोठ र चित्रा/भकारीले बारेका झुपडीमा बस्नुपर्ने बाध्यतालाई भने सुविधासम्पन्न होटेलको निर्माणले अन्त्य गरिदिएको छ ।

विसं २०४३ मा स्थापित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को पहलमा २०४९ सालपछि उक्त क्षेत्रमा होटल सञ्चालनमा आएका हुन् । एक्यापले निर्धारण गरेको मापदण्डअनुसार पदयात्रा मार्गका सिनुवा, बाम्बो, हिमालयन, दोभान, देउराली, माछापुच्छ्रे र अन्नपूर्ण आधार शिविरसम्म होटेल चलेका थिए । मापदण्डअनुसार प्रत्येक होटलमा छसहित १५६ कोठामा पर्यटक बस्न सकिने व्यवस्था छ । कोरोना सुरु हुनुभन्दा अघिका वर्षमा ८० हजार आन्तरिक तथा बाह्य पर्यटकले भ्रमण गर्ने यस क्षेत्रमा पछिल्लो दुई वर्ष भने कोरोनाका कारण सुनसान जस्तै बनेको थियो ।

सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै अन्नपूर्ण क्षेत्रले विश्वव्यापी चर्चा पाएको हो । आठ हजार ९१ मिटर उचाइको सो हिमाल आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेञ्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए । अन्नपूर्ण आरोहणको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटरको उचाइमा अवस्थित अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेपछि सो क्षेत्र पदयात्राका दृष्टिबाट पनि उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा चिनियो । घान्द्रुकबाट अन्नपूर्ण आधार शिविरसम्म पुग्न बाह्यले सामान्यतः चार र आन्तरिक पर्यटकले तीन दिन लगाउँछन् ।

पछिल्ला वर्षमा यहाँका होटलले विदेशी परिकार पनि पस्कन थालेका छन् । एक्यापले स्थानीयवासीलाई बेलाबेलामा तालिम दिँदै आएको छ । होटेलले विदेशी परिकार बनाउन सक्ने कुक राख्न थालेका छन् । होटलको क्षमता विस्तारसँगै पदमार्ग क्षेत्रका देउरालीको पूर्वतर्फको पहाडमा रहेका बुद्धाकृति, दोभान र हिमालको बीचमा अवस्थित प्राचीन पुजनीय बराह तथा सो मन्दिर परिसरबाट देखिने १०८ धारा, झिनुडाँडास्थित तातोपानीको कुण्डजस्तास्थललाई थप व्यवस्थित गर्न चासो बढ्नुका साथै यी स्थानले पदयात्री पर्यटकलाई लोभ्याउने गरेका छन् ।

मौसमको प्रतिकूलताका बाबजुद पनि दसैंलगत्तै पदमार्ग क्षेत्रमा देखिएको चापले यहाँका व्यवसायीमा उत्साह जगाएको गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण आधार शिविर(एविसी) सँगै मर्दी हिमाल पदयात्रा र माछापुच्छ्रे पदमार्गमा दसैंयता केही विदेशीसहित स्वदेशी पर्यटक दसैंमा उल्लेख्य बढेका थिए ।

पर्यटक नआउँदा लामो समय सुनसान बनेका पदमार्गका होटल तथा रेष्टुरेन्ट भरिभराउ बनेपछि पर्यटन व्यवसायीको मन उत्साहित बनाए पनि केही दिन



यताको मौसमको प्रतिकूलता र लगायतका झरीले भने उनीहरूको मन कुँडिएको छ ।

दसैंको घटस्थापनादेखि पदमार्गमा आन्तरिक पर्यटकको चाप बढ्दै गएकामा दसैंको टीकाको भोलिपल्टदेखि त यहाँका होटलमा कोठा पाउनै मुस्किल पर्न थाल्यो । होटलका कोठा पाहुनाले भरिए । आन्तरिक पर्यटकको बाक्लो उपस्थिति देखिएको पदमार्ग पर्यटकको आकर्षणलाई केही दिन यताको लगातारको वर्षाले भने प्रभावित बनाएको छ ।

मर्दी हिमालको हाइक्याम्पमा होटल स्नोल्याण्ड एण्ड स्पा सञ्चालन गर्दै आउनुभएका राजु पौडेलले घटस्थानादेखि मर्दी पदयात्रामा आन्तरिक पर्यटक व्यवस्थापन नै गर्न हम्मेहम्मे पर्ने गरी गरी बढे पनि मौसमको प्रतिकूलताले धेरै पर्यटकले बुकिङ सार्न थालेको बताउनुभयो ।

पर्यटक बढेपछि हाइक्याम्पमा चालू अवस्थामा रहेका ११ वटा होटलमा पर्यटकलाई बास र खानाको प्रबन्ध गर्नसमेत भ्याइनभ्याइ भएको उहाँले सुनाउनुभयो । "हामीले सोचेभन्दा धेरै पर्यटक अहिलेको दसैंमा मर्दी हिमाल आउनुभयो, कूल पर्यटक आवागमनमा १० प्रतिशत जति विदेशीसमेत हुँदा हाम्रो मनमा खुसी छाएको थियो", उहाँले भन्नुभयो, "मौसमको प्रतिकूलताका कारण कतिपयले बुकिङ सार्नुभएको र कतिपयले रद्दसमेत गर्नुपरेको हुँदा मन खिन्न भएको छ ।"

उहाँले केहीले बुकिङ पछाडि सारे पनि बिग्रँदो मौसमका कारण आफूहरू चिन्तित बनेको जनाउँदै भन्नुभयो, "मौसम सामान्य नै रहेको भए यसपटक तिहारसम्म नै पर्यटक थामिनसक्ने गरी आउने देखिएको थियो, त्यहीअनुसार अग्रिम बुकिङ पनि लिएका थियौं ।" "कोरोनाले दुई वर्षसम्म दिएको पीडा अहिले भुलाउँदै खुसी साट्न नपाउँदै मौसमले धोका दिएको छ", उहाँले थप्नुभयो ।

मौसममा बदलावका कारण अधिकांश पर्यटकले पदयात्रा स्थगन गरे पनि केही पर्यटक भने झरीको प्रवाह नगरी रेनकोट र बुट लगाएर भए पनि पदयात्रामा गरिरहेका छन् । कोभिडका कारण लामो समय घरभित्रै गुम्सिएका अहिले चुनौतीको सामना गरेर भए पनि पदयात्रामा निस्किएको यहाँका पर्यटन व्यवसायी बताउँछन् ।

मर्दी ट्रेक पर्यटन व्यवस्थापन तथा व्यवसायी समितिका संस्थापक अध्यक्ष एवं होटेल ट्रेकर्स प्याराडाइजका सञ्चालक सुदीप गौतमले दसैं सुरुपछि दैनिक ३०० जनाको हाराहारीमा पदयात्राका लागि पर्यटक मर्दी हिमाल आएको बताउनुभयो ।

दसैं र तिहारको बिदासम्म पर्यटकको चाप यसभन्दा बढी हुने विश्वास आफूहरूले लिए पनि वर्षाका कारणले केही प्रभावित बनाएको उहाँले बताउनुभयो । सरकारले वर्षाका कारण पदयात्रा नगर्न भने पनि मर्दी हिमालको आधार शिविरसम्म पुग्न कुनै समस्या नरहेको उहाँको भनाइ छ ।

"पोखरामा बढेको पर्यटकको चापको प्रभाव पदयात्रा पर्यटनमा समेत पर्ने गरेको छ । पदयात्रा पर्यटनमा देखिएको आकर्षणले छिट्टै पर्यटन पुनःस्थापना हुने विश्वासमा थियौं", उहाँले भन्नुभयो, "अहिले मौसम प्रतिकूल बने पनि एक/दुई दिनमै सुधार भएमा पर्यटकको पहिलाको चाप पुनः बढ्ने विश्वासमा छौं ।"

मर्दी पदयात्राका धम्पुस, अष्ट्रेलियन क्याम्प, पोथना, हाइक्याम्प, लो क्याम्पका होटल तथा रेष्टुरेन्ट सबै खुलेका छन् । होटलमा आउने पर्यटकका लागि स्वास्थ्य मापदण्ड पालना गराउने गरिएको गौतमले बताउनुभयो । विदेशी पर्यटक आउन समय लाग्ने भएकाले आन्तरिक पर्यटकमै अझै केही महिना पर्यटन निर्भर हुने बताइन्छ ।

विगतका वर्षमासमेत विशेषगरी दसैंको आसपासमा यस क्षेत्रमा पर्यटकको बाक्लो चहलपहल हुने गरेको थियो । विगतमा विदेशी पर्यटक उल्लेख्य हुने गरे पनि दुई वर्षयता विदेशीको आगमन भने अत्यन्त न्यून छ ।

छोटो अवधिमा नजिकबाट हिमशृङ्खलाको अवलोकन मर्दी पदयात्राको आकर्षण हो । पदयात्री मौसमनुसारका फूल फुल्ने हरियालीसँग यात्राका क्रममा आनन्दित हुने गर्दछन् । गत वर्ष दसैं तिहारमा पर्यटकको घुइँचो भएपछि कोभिड-१९ को सम्भावित जोखिम न्यूनीकरणका लागि पदयात्रामा आउने पर्यटकसँग पीसीआर रिपोर्ट अनिवार्य गरिएपछि पर्यटक घटेका थिए । पछि निषेधाज्ञा जारी भएपछि सबै होटल बन्द गरिएका थिए ।

सो पदयात्रामा जाने पोखराबाट धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाको अष्ट्रेलियन क्याम्प, पोथना देउराली, फरेष्ट क्याम्प, लो क्याम्प, हाइक्याम्प हुँदै चार हजार ५०० मिटर उचाइमा अवस्थित मर्दी हिमालको आधार शिविरसम्म पुग्ने गर्दछन् ।

पोखराबाट जीपमा माछापुच्छ्रे गाउँपालिकाको सिदिङसम्म पुगेर त्यहाँबाटसमेत मर्दी हिमाल पुग्न सकिन्छ । पछिल्लो समय पोखरा-२५ को मेलबोटदेखि नै पदयात्रा सुरु गर्ने गरी नयाँ पदयात्रामार्गको खोजी गरेर पैदलमार्ग निर्माण गरिएको हो ।

मेलबोटदेखि पदयात्रा शुरु भएर, अस्ताम, धिताल, धम्पुस, प्रितम देउराली तथा धिताल ल्वाङ, घलेल कालीमाटी हुँदै मर्दी हिमाल जोड्ने गरी पदयात्रामार्ग विकास गर्ने योजनाअनुसार पूर्वाधार निर्माण गरी नयाँ मार्गको विकास गरिएको छ ।

यसैगरी पछिल्लो समय माछापुच्छ्रे गाउँपालिका-१ को टुसेबाट ग्रेट माछापुच्छ्रे ट्रेल समिति(जिएमटी) मार्फत माछापुच्छ्रे पदयात्रा पर्यटनको प्रवर्द्धन सुरु गरिएको छ । समितिका उपाध्यक्ष सरोज गुरुङले दसैंको आसपासमा माछापुच्छ्रे पदयात्रामा पर्यटकका चार वटा ग्रुप आए पनि अहिले कम भएको उहाँले बताउनुभयो ।

पदयात्राका लागि मौसम सुधार भएपछि आउने गरी केही समूहले सोधपुछ गरिरहेको उहाँले बताउनुभयो । रासस

## गणेश सामुदायिक वन

# रुख होइन टिकट काटेर मनग्ये आम्दानी

दाङ । वनबाट रुख काटेर होइन टिकट काटेर आम्दानी गर्न सकिन्छ भने उदाहरण दाङको एउटा सामुदायिक वन समूहले दिएको छ ।

तुलसीपुर उपमहानगरपालिका-७ मा रहेको गणेश सामुदायिक वन समूहले निर्माण गरेको 'राप्ती शान्ति उद्यान' घुम्न आउने पर्यटकले काटेको टिकटबाट मनग्ये आम्दानी गर्नाका साथै यतिखेर सबैका लागि अनुकरणीय बन्न पुगेको हो । सामुदायिक वनभित्रको साढे नौ हेक्टर क्षेत्रफलमा विशाल बुद्ध प्रतिमा, आकर्षक पानीका फोहोरासहितको जलकुण्ड, चिडियाखाना, वनस्पति पार्क, गणेश मन्दिर, फनपार्कलगायत वनभोजस्थल निर्माण गरिएको शान्ति उद्यान निर्माण समितिका अध्यक्ष डिल्लीराज भण्डारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार २०५९ सालदेखि निर्माण सुरु गरिएको पार्क लगभग एक दशकपछि २०७२ सालदेखि टिकट काटेर अवलोकन सुरु गरिएको हो । उद्यान निर्माणमा हालसम्म रु छ करोडभन्दा बढी लगानी भइसकेको छ । सामुदायिक वन समूहको रु ५५ लाखसहित सङ्घ, प्रदेश र स्थानीय सरकार, डिभिजन वन कार्यालय, लुम्बिनी प्रदेश पर्यटन बोर्डलगायत विभिन्न सङ्घसंस्थाबाट रु पाँच करोड ४५ लाख आर्थिक सहयोग प्राप्त भएको छ ।

उद्यान प्रवेशका लागि स्वदेशी र विदेशी पर्यटकलाई रु ३० को एउटै टिकटदर कायम गरिएको बताउँदै अध्यक्ष भण्डारीले पार्कबाट सामुदायिक वनले हालसम्म टिकट काटेर रु एक करोडभन्दा बढी आम्दानी गरिसकेको जानकारी दिनुभयो । सामुदायिक वन उपभोक्ता समूह, पार्क व्यवस्थापन समिति र बाल उद्यान सञ्चालकबीच आपसी सम्झौताअनुसार भौतिक संरचना निर्माण गरिएको थियो । पौडी पोखरीसमेत रहेको फनपार्कभित्र निर्माण गरिएका मनोरञ्जनका साधनको भने छुट्टाछुट्टै टिकट दर कायम गरिएको छ ।

कोरोनाको असर रहे पनि गत वैशाख १ गते नयाँ वर्षका दिन मात्रै सात हजारभन्दा बढी सर्वसाधारणले टिकट काटेर पार्क अवलोकन गर्दा एकैदिनमा रु दुई लाख आम्दानी भएको थियो । कोरोना सङ्क्रमण कम भएसँगै स्वास्थ्य मापदण्ड पूर्णरूपमा पालन गर्दै खुल्ला गरिएको पार्कमा हाल दैनिक ४०० देखि एक हजारसम्म सर्वसाधारणले टिकट काटेर अवलोकन गर्दै आएका छन् ।

"राज्यसँग असन्तुष्ट पक्षले राप्ती अञ्चलको रोल्पाबाट युद्धको शुभारम्भ भएकाले राप्तीबाटै युद्धको अन्त्य हुनुपर्दछ भन्ने सन्देश दिने लक्ष्यका साथ राप्ती शान्ति उद्यान निर्माण गरिएको हो", अध्यक्ष भण्डारीले भन्नुभयो, "मुलुकमा शान्ति स्थापना भएको र त्यही पार्क अहिले यस क्षेत्रकै थप एउटा पर्यटकीय गन्तव्यरूपमा विकास हुँदै वन समूहको राम्रो आम्दानीको स्रोत पनि बनेको छ ।"

पार्कको प्रवेशद्वारमै रहेको १४ फिटको अर्धकदको पहेँलो धातुबाट निर्मित बुद्ध प्रतिमा यतिखेर टिकट लिएर प्रवेश गर्ने आगन्तुकका लागि आकर्षणको केन्द्र बनेको छ । कूल ३१ लाखको लागतमा निर्मित प्रतिमा एक वर्षअघि कात्तिक महिनामा अनावरण गरी सर्वसाधारणका लागि खुल्ला गरिएको थियो । बुद्ध प्रतिमासँगै तुलसीपुर उपमहानगरपालिकाद्वारा निर्मित धुप घडी देख्न सकिन्छ । प्राचिन युगमा सूर्यको उपस्थितिमा सञ्चालन हुने जुन १८ इन्चीको धुप घडीले फेरि एकपटक इतिहास ब्युँझाइदिएको छ ।

अवलोकन कर्ताका लागि पार्कमा अर्को मिनी चिडियाखाना आकर्षणको केन्द्र बनेको छ । बाँधको मुखको आकृतिबाट प्रवेश गरिने चिडियाखानामा यतिखेर चितुवा, रतुवा मृग, बाँदर, दुम्सी, स्याल, खरायो, उल्लु, चिललगायत विभिन्न प्रजातिका जङ्गली जनावर तथा चराचुरुङ्गी राखिएको छ । चिडियाखानामा सम्भव भएसम्मका अन्य जनावर पनि थप्दै जाने सञ्चालक समितिको तयारी रहेको छ ।

पार्कमा अचम्म लाग्दो अर्को कुरो के छ भने तनहुँ जिल्लामा मावनमाथि आक्रमण गर्ने नरभक्षी चितुवा नियन्त्रणका लागि डिभिजन वन कार्यालयले जङ्गलमा थापेको पासोमा परेको एउटा चितुवा यतिखेर सो चिडियाखानामा देख्न सकिन्छ । गण्डकी प्रदेशबाट लगिएको उक्त चितुवा अहिले लुम्बिनी प्रदेशको सो उद्यानमा राखिएको छ । जुन चितुवा पार्कको आकर्षण बनेको छ । सहरमा पसेको मृग घाइते अवस्थामा भेटियो । त्यसको उद्धारपश्चात् उपचार गरेर शान्ति पार्कमा राखिएको छ । जुन पार्कको अर्को आकर्षण बनेको छ । त्यसले पनि जनावरलाई मार्नुभन्दा पनि संरक्षणसँगै प्रदर्शन गरेर थप आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने ज्वलन्त उदाहरण दिएको छ ।

पार्कमा चाडपर्वका साथै असोज, कात्तिक र मङ्सिर महिनामा मुलुकका विभिन्न स्थानबाट शैक्षिक भ्रमणमा आउने सङ्ख्यामा प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ । विशेष गरी लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट अवलोकन गर्न बढी आउनुका साथै अन्य प्रदेशबाट पनि उद्यान अवलोकन आउनेको सङ्ख्यामा वृद्धि हुँदै गएको गणेश सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष लिला विश्वकर्माले जानकारी दिनुभयो ।

पार्कमा अहिले छ जनाले प्रत्येक्ष रोजगार प्राप्त गरेका छन् । सामुदायिक वनको अन्य क्षेत्रमा सालको घनाजङ्गल भए पनि उक्त स्थानमा तत्कालीन अवस्थामा फडानी गरी खाली भएको ठाउँमा बस्ती बस्ने प्रयास भएको थियो । जिल्ला वन कार्यालयको पहल र स्थानीय उपभोक्ताको सक्रियतामा अतिक्रमणबाट बचाउन सफल उक्त क्षेत्रमा पार्क निर्माण गरिएको उहाँको भनाइ छ ।

विशेष गरी भिडियो बनाउने, टिकटक र तस्बिर खिच्ने आकर्षण केन्द्रको रूपमा विकास हुँदै गएको पार्कमा अवलोकनकर्ताले दुईदेखि तीन घण्टासम्म समय बिताउने गरेका छन् । विश्वकर्माले आफ्नो निजी खर्च रु तीन लाखको लागतमा चिडियाखाना प्रवेशद्वारमा बाघको मुखको आकृति निर्माण गर्नुभएको हो । वन समूहले आगामी दिनमा एम्बुलेन्ससमेत सञ्चालन गर्ने तयारी गरिरहेको कोषाध्यक्ष विश्वकर्माले राससलाई बताउनुभयो ।

तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेका अनुसार शान्ति उद्यान दाङको मात्र नभई एउटा मुलुककै नमूना पार्क वनन सफल भएको छ । यसले सामुदायिक वन समूहले वन पैदावार निकासीबाट मात्र होइन पर्यापर्यटन विकास गरेर पनि राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । पार्क निर्माणसँगै टिकट काउण्टरदेखि टेम्पो, बससहित त्यस क्षेत्र आसपासमा व्यापार व्यवसायीलाई समेमत सहयोग पुग्नुका साथै उक्त उद्यान सञ्चालन भएसँगै प्रत्यक्ष वा अप्रत्यक्षरूपमा ५०० भन्दा बढीले दैनिक रोजगारी प्राप्त गरेका छन् उहाँको भनाइ छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका पूर्वअध्यक्ष एवं वर्तमान सल्लाहकारसमेत रहनुभएको पाण्डेले वनले रुख काटेर काठ बिक्री गरेर लाखौं रुपैयाँ आम्दानी गर्दा कानूनी झन्झटिलो भई मुद्दा मामिलाका कारण कतिपय उपभोक्ताले दुःख पाइराखेको बताउँनुभयो । वर्तमान अवस्थामा शान्ति उद्यान पार्कले टिकट काटेर एकैदिनमा लाखौं रुपैयाँ आम्दानी गर्दा भने कुनै समस्या छैन । यस्ता कार्यले वनको संरक्षण गर्दै त्यसबाट वैकल्पिक आयआर्जन र रोजगारीको सिर्जना गर्न सहयोग पुग्ने विश्वास उहाँको छ ।

उपमहानगरपालिकाभित्र कूल १११ वटा सामुदायिक वन समूह रहेका छन् जसमा सम्भाव्यता अध्ययनका आधारमा विभिन्न भौतिक संरचना निर्माण गरी पर्यापर्यटन विकासमा जोड दिइएको छ पाण्डेले भन्नुभयो, वनमा आधारित घरेलु उद्योगमार्फत विभिन्न वस्तु उत्पादन सुरु गरिएको छ । उत्पादित वस्तु बजारमा रहेको कोशेली घरबाट बिक्री गर्ने व्यवस्था उपमहानगरले गरेको छ । यसबाट सामुदायिक वनका उपभोक्ताले थप आयआर्जनमा सहयोग पुग्ने विश्वास छ । रासस

# माटाका भाँडा बनाउन कुमालेलाई भ्याइनभ्याइ

भादगाउँ । नेपालीको दोस्रो ठूलो पर्व तिहार नजिक आउँदैछ । यसका लागि आवश्यक सामग्री फलफूल, सयपत्री र मखमली फूलको माला, भाई मसलासँगै दियो बाल्ने पालाकोसमेत खपत र माग दिनानुदिन बढ्दो छ ।

बजारमा पालाको माग बढेसँगै भक्तपुरका कुमाले समुदायलाई यतिखेर पाला बनाउने, सुकाउने र पोलेर तयार गरी बजार पठाउन भ्याइनभ्याइ भएको छ । तालक्व (पोटरी स्क्वायर) का हरिशरण प्रजापतिले भन्नुभयो, "तिहार आउन अझै हप्ता दिनभन्दा बढी समय बाँकी छ । हप्ता दिनभित्र मागअनुसारको पाला पठाउन नसके बनाएको व्यर्थ हुन्छ ।"

उहाँका अनुसार अचेल तालक्वका कुमाले समुदायको दिनचर्या नै पाला तयार गर्ने कार्य मै बित्ने गरेको छ । तिहारमा पालाको उच्च माग हुने भएपछि यतिखेर उनीहरूले अन्य माटाका भाँडा बनाउने कामलाई थाँती राखेका छन् । तिहारमा लक्ष्मी पूजाका लागि बाहिरी जिल्लाबाट समेत पालाको माग आउने भएकाले गमला, धुपौरो, खुत्रुकेलगायत विभिन्न पर्यटकीय सामग्री बनाउने कामलाई थाँती राखेर पाला बनाउने काममा व्यस्त भएको उहाँले बताउनुभयो । "बिहान सबेरै उठने हो, चिया नास्ता गर्ने, अनि अघिल्लो दिनमै तयार गरिराखेको माटोलाई थप तयार गरी पाला बनाउने, सुकाउने र सुकिसकेको पालालाई क्युमा बसेर पोलेर तयार गरी मागअनुसार बजार पठाउने काममा नै व्यस्त छौं । अहिले अन्य भाँडाकुँडा बनाउन फुर्सद छैन", उहाँले भन्नुभयो ।

अहिले भक्तपुरका तालक्वका कुम्हाले मात्र होइन सुजमारी, लिवाली, तुमुचो, च्याम्हासिंह र सूर्यविनायकका कुमालेसमेत अन्य भाँडा बनाउने कार्यलाई थाँती राख्दै पाला बनाउने कार्यमा तल्लीन छन् ।

विशेषगरी धनकी देवी लक्ष्मीको पूजा गर्ने पर्व भएकाले तिहारमा फलफूल, सयपत्री फूलसँगै झिलीमिली बत्ती बाल्ने गरिन्छ । धनकी देवी लक्ष्मीलाई घरमा भित्र्याउन तिहारमा झिलीमिली बत्ती बाल्ने परम्परा छ । तिहारको लक्ष्मी पूजाको दिन दिपावली गर्न घरको दैलो, झ्याल ढोका, कौशी, बरण्डालगायत स्थानमा पालाको दियो बाली झिलीमिली पार्ने परम्परा छ ।

पछिल्लो समय तिहारमा बत्ती बाल्नकै लागि विद्युत् बत्तीको मागसमेत उच्च हुने गरेको छ । तिहारमा बिजुलीका रङ्गीचङ्गी बत्ती बालेर झिलीमिली पार्ने गरे पनि अनिवार्यरूपमा दियो पनि बाल्नुपर्ने परम्परा भएकाले तिहारमा वर्षेनी पालाको माग बढ्ने गरेको व्यवसायी बताउँछन् । केही वर्षअघि मैनबत्ती बाल्ने प्रचलन देखिए पनि दियो जस्तो सुरक्षित नभएपछि मैनबत्ती बिस्तारै विस्थापित हुँदै गएकाले पालाको माग बढेको पाला व्यापारी रामप्रसाद प्रजापति बताउँछन् । "विभिन्न आधुनिक विद्युतिय झिलिमिली बत्ती र मैनबत्तीको दाँजोमा सुरक्षा, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले पालालाई अत्यन्तै उत्तम र पवित्र मानिने भएकाले बजारमा यसको माग बढेको हो", उहाँले भन्नुभयो ।

कुमालेले तयार भएको पाला थोकविक्रेता व्यापारीलाई बिक्री गरिन्छ । थोकबिक्रेता व्यापारीले एउटा पालाको एकदेखि दुई रुपैयाँमा हजारौंको सङ्ख्यामा खरिद गर्ने र उनीहरूले केही मुनाफा खाएर काठमाडौं उपत्यकाका विभिन्न स्थानका खुद्रा बिक्रेतामार्फत उपभोक्ता माझ पुऱ्याउने गरेको उहाँले जानकारी दिनुभयो ।

जिल्लामा उत्पादन गरेको पाला उपत्यकालगायत काभ्रेको बनेपा, धुलिखेल, पनौती, धादिङको धादिङवेशी, नुवाकोटको त्रिशूलीका साथै पोखरा, हेटौंडा, चितवनका व्यापारीलेसमेत लिन आउने गरेको जनाइएको छ ।रासस

# ईन्जिनियरहरु सडकमा दोषीमाथि कडा कारवाहीको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका निमित्त प्रमुख राजेश कुशवाहालाई कुटपीट गरेको विरोधमा ईन्जिनियरहरुले विरोध जुलुश प्रर्दशन गरेका छन् ।

नेपाल इन्जिनियरिङ्ग एशोसिएन प्रादेशिक केन्द्र, नेशनल ईन्जिनियरिङ्ग एशोसिएन नेपाल लगायतका आधा दर्जन भन्दा बढी संघ संगठनहरुको नेतृत्वमा शुक्रवार विरोध प्रर्दशन गरिएको हो ।




पिराडीचोक स्थित आयोजनाको कार्यालय परिसरबाट निकालिएको सयौं ईन्जिनियरहरुको सो जुलुश रामानन्द चोक , जनक चोक , शिव चोक हुँदै जिल्ला प्रशासन कार्यालय धनुषामा गई ज्ञापन पत्र बुझाएको छ । ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद वास्तोलाले यस्ता अमानवीय र घृणित अपराध गर्ने जो सुकैलाई पनि कडा कारवाही गर्ने प्रतिबद्धता व्यक्त गरेका छन ।

पार्टीको आडमा गुण्डागर्दी बन्द गर , सीके राउतको ईन्जिनियरिङ्गको काउन्सिल सदस्यता खारेज गर , दोषीमाथि कारवाही गर लगायतको दर्जनौ नारा लेखिएको प्लेकार्ड सहित ईन्जिनियरहरुले शान्तिपूर्ण बिरोध जुलुश प्रर्दशन गरेका हुन । राष्ट्रसेवक कर्मचारीहरुलाई अमानवीय तरीकाले कुटपीट तथा अभद्र व्यवहार गर्नेलाई कडा कारवाही नगरिए चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणा गर्न हामी बाध्य हुने नेपाल ईन्जिनियरिंग एशोसिएन प्रदेश २ का सह-सचिव भवेश मिश्राले चेतावनी दिएका छन् । 'यस प्रकारको कुकृत्य हामी कदापि सहन सक्दैनौ तसर्थ सरकारले हाम्रो सुरक्षाको ग्यारेन्टी गर्नै पर्छ अन्यथा हामी देशभरका ईन्जिनियरहरुले कामकाज ठप्प गरी आन्दोलनमा होमिने छौं,'- मिश्राले बताए ।

यता, जनकपुरधाममा विहीबार डिई कुशवाहा उपर भएको अभद्र व्यवहारको विरोधमा काठमाण्डुमा पनि इन्जिनियरहरुले विरोध जुलुस निकालेका छन् । उनीहरुले पनि सिके राउतको इन्जिनियरिङ्गको काउन्सिल सदस्यता खारेजीको माग गर्दै कडा कारवाही गर्न सरकारमाथि दवाव सृजना गरेका छन् ।

# पाँच वर्षीया बालिकालाई यौन शोषण गर्ने उपप्रध्यापक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । पाँच वर्षीया बालिकालाई यौन शोषण गरेको आरोपमा हजारी जनक संस्कृत विद्यापीठ जनकपुरधाम उपमहानगरपालिका-८ उपप्रध्यापक कपिलदेव मण्डल पक्राउ परेका छन् ।

बालिकालाई यौन शोषण गरेको आरोपमा मण्डललाई शुक्रबार प्रहरीले पक्राउ गरेको हो ।

जउनपा-८ स्थित मण्डलको घरमा डेरा लिई बस्दै आएका सिरहा जिल्ला नरहा गापा-३ का देवेन्द्र यादवकी पाँच वर्षीया छोरीसंग गएको डेढ महिनादेखि मण्डलले यौन शोषण गर्दै आएको तथ्य खुलेको छ ।

गणेश पूजाको मौका छोपी उपप्रध्यापक मण्डलले आफ्नो छोरीको यौन शोषण गरेको पीडितका बुवा यादवले बताए । उनका अनुसार पटक पटक उनले छोरीलाई यौन शोषण गरेको छ ।

बालिका खेलिरहेको बेला उनीसंग यौन शोषण गर्दै आएपनि छोरीको यौनांङमा घाउ भएपछि आफूले जानकारी पाएको पीडितका बुवा यादवले बताए ।

आर्थिक रुपमा विपन्न यादवले न्यायको लागि प्रहरी समक्ष गुहार्दै आएका छन् । तर सुनुवाई नभएको उनको गुनासो छ । यसैबीच घटना सार्वजनिक भएपछि मण्डललाई प्रहरीले पक्राउ गरी अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी जितेन्द्र बस्नेतले बताए । जाहेरी दिएपछि कारवाही प्रक्रिया अगाडि बढाउने उनले थपे । पीडित यादवले घटना मिलाउन रकमको प्रलोभन दिएको आरोप लगाए ।

उपप्रध्यापक मण्डलले आफन्तहरुमार्फत आर्थिक प्रलोभन दिएको उनले बताए ।

स्थानीय बाल्मिकी युवा क्लवले पीडितलाई दुई लाख लिएर घटना मिलापत्र गर्न दबाब दिएको पंचायतीमा सहभागी एक स्थानीयले बताए ।

घटना मिलाउन मण्डलका आफन्तहरुले धम्की समेत दिएको पीडितका बुवा यादवले बताए ।

प्रादेशिक अस्पताल जनकपुरधाममा शुक्रबार पीडित बालिकाको मेडिकल चेकजाँच गरिएको छ । मेडिकल रिपोर्ट आएपछि कारबाही प्रक्रिया अघि बढाउने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी बस्नेतले बताए ।

# जनमतका कार्यकर्तामाथि प्रहरीको लाठी

**टुडे समाचारदाता**

जनकपुरधाम । इन्जिनियर हरुले संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरधामका निमित्त प्रमुख राजेश कुशवाहामाथि भएको कुटपीटको विरोधमा निकालेको जुलुसलाई प्रतिकार गर्न खोजेका जनमत पार्टीका कार्यकर्तामाथि प्रहरीले लाठी चार्ज गरेका छन् ।

कार्यकर्ता रिहाइको मागको निहुँमा इन्जिनियरहरुले निकालेको जुलुसलाई जिल्ला समन्वय समितिको कार्यालय अगाडि प्रतिकार गर्न खोज्दा प्रहरीले लाठी चार्ज गरेका छन् ।

ईन्जिनियरहरुको पूर्व घोषित कार्यक्रम अनुसार विरोध जुलुश जिल्ला प्रशासन पुगेकै समयमा जनमतका कार्यकर्ताहरुले जिप्रका घेराउ गर्न पुगेपछि दुईतर्फी भिडन्त हुने सम्भावना देखेपछि प्रहरीले जनमतका कार्यकर्ताहरुलाई लखेटेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जनमतका कार्यकर्ताहरुले प्रहरीले लाठी चार्ज गरेको भनेपनि शान्ति सुरक्षा तथा दोहोरो भिडन्त हुन सक्ने सम्भावनालाई मध्येनजर गर्दै प्रहरीले जनमतका कार्यकर्ताहरुले बोकेको बाँसको भाटाहरु समेत खोसेका थिए ।

झडपका क्रममा प्रहरीले लाठीचार्ज गरेपछि जनमत पार्टीका कार्यकर्ता त्यहाँबाट भागेका थिए । जनमतको जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम पुर्णतः असफल भएको छ ।

त्यसै गरी स्थानीय चोक चोकबाट बाँसका भाटा सहित अपराधिक शैलीमा विभिन्न सवारी साधनमा देखिएका जनमतका कार्यकर्ताहरुलाई समेत प्रहरीले धरपकड गरेको छ । शान्ति सुरक्षालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले जिल्ला प्रहरी कार्यालय धनुषा, जिल्ला प्रशासन कार्यालय धनुषा लगायतको विभिन्न ठाउँमा व्यापक प्रहरी परिचालन गरेको छ ।

# जनमतपार्टीको काम अमानवीय रहेको ठहर

**टुडे समाचारदाता**

जनकपुरधाम । गोपाल सेवा समिति जनकपुरधामले संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरधामका निमित्त प्रमुख राजेश कुशवाहामाथि गरेको दुर्व्यवहार अमानवीय रहेको ठहर गरेको छ ।

समितिले शुक्रवार एक प्रेस विज्ञप्ति जारी गर्दै घटनाको घोर भर्त्सना गरी दोषीमाथि अविलम्ब कारवाहीको माग समेत गरेको छ ।

कानुनी राज्यको उपेक्षा गर्दै जनमता पार्टीका कार्यकर्ताहरुले गरेको अमानवीय व्यवहारले सामाजिक संरचना नै खलबलिने तथा आगामी दिनमा अझ अराजकता बढ्ने भएको हुँदा घटनामा संलग्न दोषीहरुमाथि कडा कारवाहीको माँग गरिएको छ । त्यस्तै समितिले यस प्रकारको उच्छृंखल गतिविधी विरुद्ध सबै समाजिक संघ संस्थाहरुलाई एकजूट हुन अपिल समेत गरेको छ ।

यसै बीच शुक्रवार एक प्रेस विज्ञप्ति जारी गरी प्रादेशिक निजामती कर्मचारी एशोसिएनले आयोजनाका निमित्त प्रमुख कुशवाहामाथि गरिएको दुर्व्यवहारको निन्दा गर्दै दोषीमाथि कारवाहीको माग गरेको छ । सामाजिक न्याय ,न्यायिक सुशासन र भविष्यमा कर्मचारीहरुको काम गर्ने मनोबललाई स्थायी र कायम राख्नको लागि पनि अराजकता र उच्छृँखलताको पराकाष्टा नाघेका जनमत पार्टीका कार्यकर्ताहरुलाई सजाय दिई र निर्दोष कर्मचारीको सम्मान र यथोचित न्यायको लागि सरकार संग जोडदार मांग गरेको छ ।

## हत्याको प्रयास गर्ने एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक महिलाको गहना लुट्न हत्याको प्रयास गरिएको छ । विदेह नगरपालिका-६ गिद्धा बस्ने ५० वर्षीया जमुनी देवीको गहना लुट्नको लागि हत्याको प्रयास गरेको आरोपमा प्रहरीले ३५ वर्षीय रामभजन महतोलाई पक्राउ गरेको छ ।

शुक्रवार विहान ११ वजे चौरमा घाँस काटिरहेको वेला महतोले जमुनीको घाँटीमा छुरा राखि गहना लुट्ने प्रयास गरेपछि होहल्ला भएर आरोपी फरार भएको थियो ।

छुरा प्रहारले जमुनीको घाँटीमा घाउखत भई रगत बगेको देखेपछि स्थानीयले प्रहरीलाई जानकारी गराउँदै उपचारको लागि तत्काल प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गराएका थिए ।

अहिले जमुनीको स्वास्थ्य अवस्था ठिक रहेको र घटनामा संलग्न रहेका महतोलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान थालिएको धनुषाका प्रहरी प्रवक्ता नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिएका छन् ।

प्रारम्भिक अनुसन्धानमा महतोले जमुनीको पाउजु लुटन हत्याको प्रयास गरेको देखिएको उनले जानकारी दिएका छन् ।

# जयनगर-कुर्था सीमापार रेलमार्ग हस्तान्तरण

**टुडे समाचारदाता**

काठमाण्डु । भारत सरकारको आर्थिक सहयोगमा ३५ किलोमिटर जयनगर-कुर्ता सीमापार न्यारोगेज रेलमार्ग ब्रोडगेजमा रूपान्तरण भएको छ । निर्माण पूरा भएसँगै त्यसलाई भारतले नेपाल सरकारलाई हस्तान्तरण पनि गरेको छ ।

काठमाण्डुमा शुक्रवार आयोजित एक समारोहमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवलाई नेपालका लागि भारतकाराजदूतविनयमोहनक्वात्राले रेलमार्गको स्वामित्वसम्बन्धी दस्तावेज हस्तान्तरण गरेका छन् । शुक्रवारदेखिनै उक्त रेलमार्गको स्वामित्व नेपाल रेलवे कम्पनी लिमिटेडमा स्थानान्तरण भएको छ ।

भारत सरकारको आर्थिक सहयोगअन्तर्गत आठ अर्ब ७७ करोडमा निर्माण भएको उक्त रेलमार्ग ६८.७२ किलोमिटर जयनगर-बिजलपुरा-बर्दिबास रेलमार्गको एउटा खण्ड हो । उक्त रेलमार्ग सञ्चालन भएपछि नेपाल र भारतबीच व्यापार-वाणिज्य वृद्धिका साथै दुई देशका जनताबीचको सम्बन्ध र सम्पर्क अझ सुदृढ हुने अपेक्षा गरिएको छ ।

# बाढी पहिरोमा परी मृत्यु हुने १११ पुगे, ३७ वेपत्ता

**टुडे समाचारदाता**

काठमाण्डु । केही दिन अघिको अविरल वर्षाका कारण आएको बाढीपहिरो र डुबानमा शुक्रवारसम्म १११ जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालकया अनुसार ३७ जना अझै वेपत्ता छन् । बाढीपहिरोमा परी प्रदेश १ मा ६५, बागमती प्रदेशमा १, गण्डकी प्रदेशमा २, लुम्बिनी प्रदेशमा ४, कर्णाली प्रदेशमा ७ र सुदूरपश्चिम प्रदेशमा ३२ जनाको मृत्यु भएको हो ।

मुलुकभर गरेर कुल ४२ जना घाइते भएको प्रहरीले जनाएको छ । बाढी पहिरामा परी प्रदेश १ मा ११, २ मा एक, लुम्बिनी र कर्णाली प्रदेशमा एक/एक र सुदूरपश्चिम प्रदेशमा २३ गरी ३७ जना वेपत्ता भएका जनाइएको छ । वेपत्ताको खोजीकार्य जारी छ । बाढीको कारण दुई हजार २३२ वटा घर डुबानमा परेका तथा ७८ घर, १६ गोठ, छ वटा पुल, एक विद्यालय र तीन सरकारी कार्यालयमा क्षति पुगेको छ । कुल १८६ वटा पशु चौपाय मरेको जनाइएको छ ।

उक्त अवधिमा एक हजार १८८ घर परिवार विस्थापित भएका छन् । बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा राख्ने, मानिसको उद्दार तथा पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम जारी रहेको प्रहरीले जनाएको छ ।

# एमालेको वडा कमिटी गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमाले जनकपुरधामउपमहानगरपलिका-१ वडा कमिटी गठन गरिएको छ ।

उत्तम चौधरीको अध्यक्षता र केन्द्रिय सदस्य रामचन्द्र मण्डलको प्रमुख आतिथ्यमा शुक्रबार भएको भेलाले लभ अधिकारीको अध्यक्षतामा वडा नम्बर १ वडा कमिटी गठन गरेको छ । वडा कमिटीको उपाध्यक्षमा मुन्जय राउत चयन भएका छन् ।



भेलामा धनुषा जिल्ला अध्यक्ष राजकिशोर यादव, प्रदेश कमिटी सदस्य लक्ष्मी नारायण यादव, रा.यु.स का केन्द्रिय उपाध्यक्ष प्रदेश कमिटी सदस्य संजीब झा, समाजसेवी लक्ष्मेश्वर यादव, रामशंकर यादव लगायतको उपस्थिति रहेको थियो ।

# भारतीय रुपैयाँ सहित एक जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । स्रोत नखुलेको एक लाख ८० हजार भारतीय रुपैयाँ सहित एक जनालाइ रौतहट प्रहरीले पक्राउ गरेको छ ।

सीमा प्रहरी चौकी बन्जरहाबाट खटेको प्रहरी टोलीले रकम सहित भारत विहार राज्यको शिवहर जिल्ला ग्राम पंचायत बेलबाघाट ५ का विश्वनाथ साह कानुको छोरा २२ वर्षीय सुशील कुमार साहलाई पक्राउ गरेको जनाएको छ ।

इशनाथ नगरपालिका १ स्थित बैकाया खोलाको बाँधमा भारतबाट नेपाल आउँदै गरेको साहलाई चेकजाँच गर्दा झोलामा राखेको १ लाख ८० हजार भारतीय रुपैयाँ फेला परेपछि अनुसन्धानको लागि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।



रकम सहित पक्राउ परेका साहलाई आवश्यक कारवाहीकोलागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाईएको प्रहरी उपरीक्षक विनोद घिमिरेले बताए ।

# टावर लाइटको लाइन काटियो

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको सदरमुकाम गौरमा जडान गरिएको टावर लाइटको लाइन नेपाल विद्युत् प्राधिकरण गरुडा वितरण केन्द्रले शुक्रवार काटिदिएको छ ।

मुख्यमन्त्री उज्यालो अभियान अन्तर्गत निर्वाचन क्षेत्र नम्बर १ को (क ) प्रदेश सांसद बाबुलाल साह कानुले आफ्नो कार्यक्रम अन्तर्गत जडान गरेको टावर लाइटको विद्युत् लाईन काटिएको हो ।



कार्यालय प्रमुखहरुको भएको बैठकमा बिना मिटरको प्रदेश सरकारको योजना अन्तर्गत जडान गरिएको टावर लाइटको बत्तिको लाइन काटिनु पर्ने राखेको प्रस्ताव प्रति प्रमुख जिल्ला अधिकारी कृष बहादुर शाहीले प्राधिकरणले के कसरी गर्नु पर्ने जिम्मेवारी रहेको भनेपछि टावर लाइटको बिद्युत् काटिएको प्राधिकरण कार्यालयका प्रमुख विजय महतोले जानकारी दिएका छन् ।

बिना मिटरको बती जलाउँदा विद्युत् खपत बढी हुने र प्राधिकरणलाइ घाटा हुने भएकोले मिटर जडान गर्नु पर्ने आभास गराउने उद्देश्यले बिद्युत्को लाइन काटिएको महतोले बताए ।

गौरमा विपी चोक, अस्पताल गेट, बरवाहा पुल, गौर भन्सार कार्यालय, कृषि विकास बैंक लगायतका विभिन्न ठाउँमा टावर लाइट जडान गरिएको छ ।

टावर लाइट जडान भएपछि उज्यालो भएको र सहरको आकर्षण समेत बढेको थियो । अँध्यारोमा अपराधिक कार्य हुने सम्भावना रहेकोले चोरी, लुटपाट जस्ता कार्यमा न्यूनीकरण ल्याउने लक्ष्यको साथ बत्ति लगाइएको भएपनि प्राधिकरणले मिटर जडान गर्नु पर्ने भन्दै लाइन काटिएको प्राधिकरणले प्रष्ट गरेको छ ।

# सीकेका १७ कार्यकर्ता विरुद्ध मुद्दा दर्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका निमित्त प्रमुख राजेश कुशवाहालाई दुर्व्यवहार गरेको अभियोगमा सीके राउत नेतृत्वको जनमत पार्टीका १७ कार्यकर्ता विरुद्ध मुद्दा दर्ता गरी कारवाही अघि बढाईएको छ ।

बिहीबार दिउँसो प्रहरीले आयोजना कार्यालयमा तोडफोड मच्चाई प्रमुख कुशवाहामाथि दुर्व्यवहार गरेको आरोपमा ६२ जनालाई पक्राउ गरेको थियो । पक्राउ परेका मध्ये १७ जनामाथि 'अपराधी प्रवेश तथा अपराधी उपद्रव' शीर्षकमा मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । घटनामा संलग्न १७ कार्यकर्तामाथि जिल्ला सरकारी वकिलको कार्यालयमार्फत मुद्दा दर्ता गराइएको जिप्रका धनुषाले जनाएको छ ।

बिहीबार गुण्डाशैलीमा बाँसको भाटा सहित कार्यालय प्रमुख कुशवाहालाई कालोमोसो तथा कुटपीट गर्दै नगर परिक्रमा गराएका थिए । दर्जनौं कार्यकर्ताले प्रमुखलाई जबर्जस्ती कार्यालयबाट बाहिर ल्याई उनको लुगा च्यातेर अर्धनग्न बनाई नगर परिक्रमा गराएको आरोपमा मुद्दा दर्ता गरिएको हो ।

# ठाउँ-ठाउँमा राउतको पुतला दहन

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहाको लहानमा जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतको पुत्ला दहन गरिएको छ ।

खानेपानी तथा ढल निकास कार्यालय जनकपुरका निमित प्रमुख राजेश कुशवाहालाई अर्धनग्न पारी दुर्व्यबहार गरेको विरुद्धमा राउत विरुद्ध युवाहरुले विरोध प्रदर्शन गर्दै पुत्ला दहन गरेका हुन । लहान स्थित सहिद चौकमा स्वतन्त्र युवाहरुको एक समूहले डा.सिके राउतको पुतला दहन गरेका हुन् । सिके राउत मुर्दावाद ,मानव अधिकार हन्न गर्न पाईदैन ,जनमत पार्टी मुर्दावाद लगायतका नारा लगाउँदै युवाहरुले राउतको पुतला जलाएका हुन् । पुत्लादहनमा उपस्थित युवाहरुले सिके राउतलाई मधेसबाट लखेटने चेतावनी समेत दिएका छन् । गुण्डागर्दी शैलीमा निमित्त प्रमुख कुशवाहामाथि भएको अमानवीय व्यबहार नागरिक अधिकार र अजादीको एजेन्डामा दाग लागेको युवाहरुको ठहर छ ।

यसै बीच धनुषाको ढल्केवरमा पनि शुक्रवार सीके राउतको पुतला दहन गरिएको छ । खानेपानी तथा ढल निकास व्यवस्था कार्यालय जनकपुरका निमित्त प्रमुख राजेश कुशवाहालाई जनमत पार्टीका कार्यकर्ताले अर्घनग्न गरी दुर्व्यवहार गरेको विरुद्ध ढल्केवरमा सिके राउतको पुतला जलाइएको हो । साँझ स्थानीय इन्जिनीयर, कुशवाहा समाज र पिछडावर्ग महासभा युवासंघका कार्यकर्ताहरुले संयुक्त रुपमा राउतको पुतला दहन गरेका हुन । पुतला जलाउने क्रममा इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटिएका प्रहरीले जल्दै गरेको पुतला नियन्त्रणमा लिएका थिए ।

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने
राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।
कोही नछुटौ, कोही नदोहरिऔं ।
बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔं ।
घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८